# धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या:३ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित राजस्व परिचालन ऐन, २०७७ मिति: २०७७/११/२७

### भाग-१

### धरान उपमहानगरपालिका

# राजस्व परिचालन ऐन, २०७७

## (पाँचौ संशोधन सहित)

# धरान उपमहानगरपालिका
# राजस्व परिचालन ऐन, २०७७ (पाँचौ संशोधन सहित)

**(नगर सभाबाट पारित मिति २०७७ आषाढ ३१)**
**(पहिलो संशोधन २०७८ आषाढ २५)**
**(दोश्रो संशोधन २०७९ आषाढ २५)**
**(तेश्रो संशोधन २०८० आषाढ २५)**
**(चौथो संशोधन २०८१ श्रावण ७ )**
**(पाँचौ संशोधन २०८२ असोज ५)**

नेपालको संविधानले स्थानीय तहलाई सुम्पिएको काम, कर्तव्य र अधिकारको सीमाभित्र रही धरान उपमहानगरका जनताको विकास आकांक्षा पुरा गर्न आवश्यक श्रोत व्यवस्थापनका लागि राजश्व संकलन र व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले धरान उपमहानगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा (२२६) को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम धरान उपमहानगरपालिकाको **"राजस्व परिचालन ऐन, २०७७"** रहेको छ ।

२. यो ऐन धरान उपमहानगरपालिका क्षेत्रभित्र लागू हुनेछ र यस ऐन बमोजिम कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ ।

३. यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ख) **"मन्त्रालय"** भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ग) **"उपमहानगरपालिका"** भन्नाले धरान उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) **"सभा"** भन्नाले धरान उपमहानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ.) **"कार्यपालिका"** भन्नाले धरान उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख"** भन्नाले धरान उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) **"उपप्रमुख"** भन्नाले धरान उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त धरान उपमहानगरपालिकाको प्रशासकीय प्रमुख वा निजको कार्य गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(झ) **"वडा"** भन्नाले धरान उपमहानगरपालिकाको वडालाई सम्झनु पर्दछ ।

(ञ) **"वडा अध्यक्ष"** भन्नाले धरान उपमहानगरपालिकाको वडाका वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(ट) **"वडा समिति"** भन्नाले संविधानको धारा २२२ को उपधारा ४ बमोजिम गठित वडा समितिलाई सम्झनु पर्दछ ।

(ठ) **"करदाता"** भन्नाले धरान उपमहानगरपालिकालाई कर, शुल्क, सेवा शुल्क, दस्तुर, महशुल, भाडा वा रकम बुझाउनु पर्ने कर्तव्य भएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको बिबरण बुझाउन सूचना दिएको वा कुनै कारवाही प्रकिया शुरु गरेको ब्यक्तिलाई समेत जनाउँछ ।

(ड) **"आय ठेक्का"** भन्नाले कानून बमोजिम प्रकृया पुरा गरी आय संकलन गर्न सम्झौता गरिएको कार्य सम्झनु पर्दछ ।

(ढ) **"श्रेस्ता"** भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी खडा गरिएको हिसाव किताबको अभिलेख सम्झनु पर्दछ र सो शब्दले कारोवारलाई प्रमाणित गर्ने अन्य सबै प्रकारका कागजात, विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई बुझाउँदछ ।

(ण) **"कर अधिकृत"** भन्नाले नगरपालिकाले तोकेको राजस्व हेर्ने प्रमुख अधिकृतलाई सम्झनु पर्दछ।

(त) **"घर"** भन्नाले कुनै व्यक्ति वा संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गामा नक्सा पास गरी वा नगरी चौघेरा हाली निर्माण गरेको भवन, घर, गोदाम, टहरो, ग्यारेज वा सेढ जस्ता संरचनालाई सम्झनु पर्दछ ।

(थ) **"जग्गा"** भन्नाले धरानउपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता कायम रहेको वा कानून बमोजिमको प्रमाण भएको जग्गालाई सम्झनु पर्दछ ।

(द) **“कम्पनी”** भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्दछ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँदछ ।

(ध) **“कर राजस्व”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम लाग्ने करलाई सम्झनु पर्दछ ।

(न) **“कर एकाई”** भन्नाले धरान उपमहानगरपालिकामा कर सम्बन्धी काम कारवाही र निर्णय गर्ने धरान उपमहानगरपालिकाको महाशाखा, शाखा वा वडा कार्यालयलाई सम्झनु पर्दछ र सो शव्दले कर संकलन वा व्यवस्थापनका लागि तोकिएको अन्य एकाई आदि समेतलाई बुझाउँदछ ।

(प) **“कर निर्धारण”** भन्नाले यो ऐन अनुसार कर निर्धारण गर्ने कार्यलाई सम्झनु पर्दछ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारण कार्यलाई समेत जनाउँदछ ।

(फ) **“गैरकर राजस्व”** भन्नाले यस ऐनको परिच्छेद-१४ बमोजिम लागेको गैर कर राजस्व सम्झनु पर्दछ ।

(ब) **“व्यवसाय”** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा दर्ता नभई मुनाफाको उद्देश्य लिई वस्तु वा सेवाको उत्पादन वा विक्रि गर्ने, वा सहजीकरण गर्ने वा प्रदान गरिने सेवा वा कारोवार समेतलाई सम्झनु पर्दछ ।

(भ)**“व्यक्ति”** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति वा संघ संस्थालाई सम्झनु पर्दछ।

(म) **“सम्पत्ति कर”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र जग्गामा लगाइने सम्पत्ति करलाई सम्झनु पर्दछ ।

(य) **“विज्ञापन”** भन्नाले धरान उपमहानगर क्षेत्रभित्र कुनै पनि ब्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बजारीकरण गर्न एक भन्दा बढी स्थानहरुमा प्रचार प्रसारको लागि राखिने व्यवसायिक विज्ञापन सामाग्रीहरु ब्यानर, फ्लेक्स बोर्ड, होर्डिङ्ग बोर्ड, नियोन साईन, डिजिटल बोर्ड, ग्लो साईन बोर्ड, बाह्य विज्ञापनका अन्य सामग्रीमा राखिने सबै किसिमका विज्ञापनलाई विज्ञापन सम्झनु पर्दछ ।

(र) **“घरले चर्चेको क्षेत्रफल”** भन्नाले भौतिक संरचनाले ओगटेको जग्गाको क्षेत्रफल र प्रचलित कानूनले तोकिएको अधिकतम् क्षेत्रफल बराबरको थप जग्गा समेत सम्झनु पर्दछ ।

(ल) **“वडा सचिव”** भन्नाले वडा कार्यालयमा सचिवको रुपमा कार्य गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(व) **“कर चुक्ता”** भन्नाले चालु आर्थिक वर्षको आश्विन मसान्तसम्म गत आर्थिक वर्षसम्मको कर चुक्ता सम्झनु पर्नेछ भने सो पश्चात चालु आर्थिक वर्षको कर समेतलाई सम्झनु पर्नेछ ।

तर आश्विन मसान्तभित्र कर चुक्ता गर्दा अघिल्लो आर्थिक वर्षको मात्र कर बुझाएको लाई कर चुक्ता मानीनेछैन ।

(श) **“औद्योगिक क्षेत्र”** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले उपमहानगरक्षेत्र भित्र औद्योगिक क्षेत्र भनि तोकिएको क्षेत्रलाई सम्झनु पर्दछ ।

(ष) **“धुरीकर”** २०७२ सालसम्मको अभिलेखमा नाम भएका अव्यवस्थित वसोवासीहरुको घरमा लागु गरेको कर भन्ने सम्झनु पर्दछु ।

(स) **“अन्य वहाल कर ”** भन्नाले घर, जग्गाको बहालमा लाग्ने करको अतिरिक्त अन्य वस्तु तथा सामाग्री वा साधन प्रयोग गरे वापत सो को धनीले लिने भाडा

वा वहालमा तोकिए बमोजिम लगाईएको कर भन्ने सम्झनु पर्दछ ।

२. ब्याख्या : यो ऐनमा परिभाषा गरिएका शव्द वा वाक्यांशहरुको हकमा सोही अनुसार र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद -२
## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

३. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्तः**

१. कर राजस्व संकलन तथा व्यवस्थापन गर्दा देहायका सिद्धान्तलाई आधार लिइनेछ :

क) कर तिर्न सक्ने क्षमता,

ख) समानता र न्याय,

ग) सरल, सहज, पारदर्शी र मितव्ययी कार्यप्रणाली,

घ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित गर्ने सहज वातावरण

ङ) पर्याप्तता,

२. गैरकर राजस्व सङ्कलन गर्दा उपलब्ध गराइने सेवा र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधारमानी दर निर्धारण गरिनेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र देहाय बमोजिमको कर लगाउने वा सङ्कलन गरिनेछ । :

क) सम्पत्ति कर

ख) भूमिकर (मालपोत)

ग) घर जग्गा बहाल कर

घ) व्यवसाय कर

ङ) जडिबुटी, कवाडी र जीवजन्तु कर

च) विज्ञापन कर

छ) मनोरन्जन कर
ज) बहाल विटौरी शुल्क
झ) पार्किङ्ग शुल्क
ञ) ट्रेकिङ्ग, कायकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र राफ्टीङ्ग
ट) पर्यटन शुल्क
ठ) अन्य वहाल कर

ड) अन्य सेवा शुल्क तथा दस्तुर

४. अन्य प्रचलित संघीय र प्रदेश कानून बमोजिम कर तथा शुल्क लगाउने वा संकलन गरिनेछ।

## परिच्छेद-३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**४. कर प्रशासन :**

१. आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन उपमहानगरपालिकाले गर्नेछ। यस सम्बन्धमा राजस्व हेर्ने महाशाखाको मुख्य जिम्मेवारी हुनेछ।

२. उपदफा (१) बमोजिमको कर प्रशासन सञ्चालनका लागि उपमहानगरपालिकाले आवश्यकता अनुसार कर एकाई तोक्न सक्नेछ।

३. कर अधिकृतले कर एकाईको आवश्यक अनुगमन र नियमन गर्नेछ।

४. कर अधिकृतलाई अनुगमन र नियमनको लागि आवश्यक सयहोग गर्नु जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ।

**५. कर्मचारी सम्बन्धी व्यवस्था :**

१. दफा (४) को उपदफा (२) बमोजिम कर एकाई तोक्दा त्यस्तो कर एकाईमा काम गर्नका लागि

उपमहानगरपालिकाले आवश्यकता अनुसार कर्मचारी खटाउनेछ ।

६. **<u>कर अधिकृतको काम, कर्तव्य र अधिकार :</u>**

१. यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) करदाता दर्ता गर्ने ।

ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

घ) कर संकलन गर्ने ।

ङ) कर तथा गैरकर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

च) करदाता मैत्री वातावरण वनाउन आवश्यक कार्य गर्ने ।

छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा उपमहानगरपालिकालाई सुझाव दिने ।

झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने ।

ञ) करदाताका कर दाखिला बिवरण दुरुस्त राख्ने ।

ट) कर एकाईमा राजस्व संकलनको लागि खटाईएका कर्मचारीको रेखदेख र खटनपटन सम्बन्धी आवश्यक कार्य गर्ने।

ठ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने तथा राख्न लगाउने ।

ड) कर सम्बन्धी अन्य काम गर्ने ।

ढ) राजस्व परामर्श समितिको सदस्य सचिव भै कार्य गर्ने ।

ण) राजस्व संकलनको लागि अन्य निकायहरुसंग सम्पर्क, समन्वय र परामर्श गर्ने ।

## परिच्छेद ४
## कर राजश्व सम्बन्धी व्यवस्था

७. **सम्पत्ति कर :**

१. उपमहानगरपालिकाले सम्पत्ति कर प्रयोजनको लागि उपमहानगरक्षेत्रभित्रका जग्गाहरुको क्षेत्र, महत्व र उत्पादकत्वको आधारमा जग्गाको मूल्यांकन दर निर्धारण गरिनेछ ।

२. उपमहानगरपालिकाले सम्पत्ति कर प्रयोजनको लागि नगर क्षेत्रभित्र बनेका भौतिक संरचनाहरुको मूल्यांकनको लागि भौतिक संरचनाको वर्गिकरण, आयु, वार्षिक ह्रासकट्टि दर, अधिकतम् ह्रासकट्टि प्रतिशत र मूल्यांकन दर निर्धारण गरिनेछ ।

३. सम्पत्ति करको मूल्यांकन गर्दा करदाताको स्वामित्वमा रहेको उपमहानगरभित्रका सबै भौतिक संरचनाहरुको (प्रचलित कानून बमोजिमको तोकिएको क्षेत्रफल) उपदफा २ बमोजिमको दरले मूल्यांकन गरीनेछ। घरले चर्चेको जग्गाको मूल्यांकन उपदफा १ बमोजिम तोकिएको दरले मूल्यांकन गरिनेछ ।

४. उपदफा ३ बमोजिम जग्गा र भौतिक संरचना दुवैको मूल्यांकीत रकम जोड गरि सो बाट ह्रासकट्टि रकम कट्टा गरी बांकी हुन आउने करयोग्य मूल्यांकन रकममातोकिएको दरमा सम्पत्ति कर लगाईनेछ।

५. यस दफा बमोजिम सम्पत्ति कर निर्धारण गर्दा एक भन्दा बढी घर हुने करदाताको हकमा उपमहानगर क्षेत्रभित्रको सबै भौतिक संरचनाहरुर सो घरहरुले

चर्चेको जग्गाको एकमुष्ठ मूल्यांकन गरि कर निर्धारण गरिनेछ ।

६. उपदफा (३) बमोजिम सम्पत्ति कर लाग्ने घरले चर्चेको जग्गा वाहेकको जग्गा र खालि जग्गामा तोकिएको दरमा मालपोत (भूमिकर ) कर लगाइनेछ ।

७. घरको स्वामित्व परिवर्तन गर्दा घरनक्साको समेत नामसारी गर्नु पर्नेछ । सो को लागि तोकिएको ढाँचामा आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नु पर्नेछ ।

**आवश्यक कागजपत्र**

- तोकिएको ढाँचाको निवेदन
- धनीपूर्जाको प्रतिलिपि
- राजीनामा कागजको प्रतिलिपि (खरिद गरिएको हकमा)
- पास गरिएको नक्साको यथाशक्य सक्कलै कपी
- नागरीकता प्रमाणपत्रको प्रतिलिपी
- वडा कार्यालयको सिफारीश

८. उपमहानगरपालिकाबाट नक्सा स्वीकृत हुँदा निजले पेश गरेको जग्गामा पछि जग्गा थप हुन आएमा सो जग्गा समेत समावेश गरी कर निर्धारण गरिनेछ ।

९. उपमहानगरपालिकाबाट बार्षिक रुपमा भौतिक संरचनाको र जग्गाको मूल्याङ्कन दर सार्वजनिक गरिनेछ ।

१०. सम्पत्ति कर प्रयोजनको लागि दर निर्धारण गर्दा निम्न विषयहरुलाई आधार मानी जग्गा र भौतिक संरचनाको मूल्यांकन दर निर्धारण गरिनेछ ।

क) घरको बनोट (कच्ची वा पक्की वा तोकिए बमोजिमको अन्य ),

ख) जग्गा रहेको स्थान र सडकसँगको सम्बन्ध वा जोडिएको अवस्था ।

ग) घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

घ) उपमहानगरपालिकाले सम्पत्ति कर प्रयोजनको लागि घर जग्गा मुल्याङ्कन दर निर्धारण राजस्व परामर्श समितिले गर्न सक्नेछ ।

ङ) उपदफा (१०) (घ) बमोजिम जग्गाको मूल्यांकनको लागि राजस्व परामर्श समितिले आवश्यक सहयोगको लागि सुझाव देहाय बमोजिमको घरजग्गा मूल्यांकन सुझाव समिति गठन गर्न सक्नेछ ।

**संयोजक** - नगर प्रमुखले तोकेको व्यक्ति

**सदस्य** - नगर प्रमुखले तोकेको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु मध्येबाट ३ जना

**सदस्य** - उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि

**सदस्य** - प्राविधिक वा विज्ञ

**सदस्य** - सचिव - कर अधिकृत

च) घर जग्गा मुल्याङ्कन सुझाव समितिले आवश्यकता अनुसार विषय विज्ञ तथा उपमहानगरपालिकाको जनप्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

छ) घर जग्गा मुल्याङ्कन सुझाव समितिले कार्यविधि आफैले निर्धारण गर्नेछ ।

ज) घर जग्गा मुल्याङ्कन सुझाव समितिको म्याद पहिलो बैठक बसेको मितिले बढिमा तीन महिनाको हुनेछ ।

झ) सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :

अ. आर्थिक बर्षको पहिलो दिन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा रहेको मानी कर निर्धारण गरिनेछ ।

आ. कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व अबस्था स्पष्ट भएकोमा सोही अनुसार अन्यथा संयुक्त स्वामित्व मानी कर निर्धारण गरिनेछ ।

ञ) यस दफा बमोजिम दाखिला गर्नुपर्ने सम्पत्ति कर आदेश प्राप्त भएको मितिले एक महिनाभित्र दाखिला गर्नुपर्नेछ ।

ट) नाबालक वा मानसिक सन्तुलन गुमाएको व्यक्तिको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा निजको एकाघरको परिवारको कुनै व्यक्तिको हुनेछ ।

ठ) कर निर्धारण प्रयोजनका लागि घरको मुल्य कायम गर्दा तोकिए बमोजिमको दर अनुसार गरिनेछ ।

ड) कर निर्धारण प्रयोजनका लागि जग्गाको मुल्य कायम गर्दा तोकिए बमोजिमको दर अनुसार गरिनेछ ।

ढ) कुनै घरको विभिन्न तलाहरु वा एकै तलामा पृथक, पृथक स्वामित्व रहेकोमा त्यस्तो पृथक, पृथक स्वामित्व भएका भागहरु वा तलाहरुको सम्पत्ति कर सम्बन्धित स्वामित्ववाला व्यक्तिहरुको नाममा घर जग्गा कायम मानी निर्धारण गरी असुल उपर गरिनेछ ।

ण) बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) वा संयुक्त आवास (हाउजिङ्ग)को सम्पत्ति कर निर्धारणका लागि देहाय बमोजिम घर र जग्गाको मूल्याङ्कन कायम गरिनेछ :

अ. बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को घरको क्षेत्रफलको हकमा जे-जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनामा लिखत पास गरी हकहस्तान्तरण भएको छ, सोही बराबर घरको क्षेत्रफल कायम गरिनेछ ।

आ. बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को जग्गाको क्षेत्रफलको हकमा राजिनामा लिखत पास भएको लिखतमा उल्लेख भएको भए सोही बराबरको जग्गा, उल्लेख नभएकाको हकमा घरको जम्मा क्षेत्रफल बराबरको जग्गा कायम मानी जग्गाको क्षेत्रफल निर्धारण गरिनेछ ।

इ. बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) मा उपलब्ध वेसमेन्ट, मनोरञ्जन तथा रिक्रियशन स्थल, बगैंचा, पार्किङ्ग तथा सडक जस्ता सुबिधाको आधारमा सम्पत्तिको मूल्यांकनमा ५० प्रतिशत थप गरी सम्पत्ति कर असुल गरिनेछ ।

ई. संयुक्त आवास (हाउजिङ्ग) को घरको क्षेत्रफलको हकमा जे-जति क्षेत्रफलको घर राजिनामा लिखत पास गरी हकहस्तान्तरण भएको वा नक्सा पास गरी निर्माण भएको छ, सोही बराबर घरको क्षेत्रफल कायम गरिनेछ ।

उ. संयुक्त आवास (हाउजिङ्ग) को जग्गाको क्षेत्रफलको हकमा राजिनामाको लिखतमा

उल्लेख भए बराबरको जग्गाको क्षेत्रफल कायम गरिनेछ ।

ऋ. तोकिएको अवधिभित्र बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) र संयुक्त आवास (हाउजिङ्ग) अन्तर्गत निर्माण भएका तर बिक्रि हुन बाँकी अपार्टमेन्ट वा फ्ल्याट र घरको स्टकमा निर्माण अवधि समाप्त भएको मितिले ५ वर्षसम्म सम्पत्ति कर लगाइने छैन ।

तर, त्यसरी विक्रि नभई स्टकमा रहेको अपार्टमेन्ट वा फ्ल्याट र घर कुनै प्रकारले उपयोग भएकोमा वा निर्माण अवधि समाप्त भएको मितिले ५ वर्ष पुगेपछि त्यस्तो स्टकमा सम्पत्ति कर लगाइने छ ।

थ) विवरण पेश गर्ने कर्तव्य :

अ. प्रत्येक करदाताले उपमहानगरपालिका क्षेत्रभित्र निजको स्वामित्वमा रहेको सम्पत्तिमा कुनै थपघट वा परिवर्तन भएको भए सोको विवरण समेत उल्लेख गरी आर्थिक वर्ष सुरु भएको तीन महिना भित्र सम्पत्तिको पूर्ण विवरण तोकिएको ढाँचामा उपमहानगपालिकामा पेश गर्नुपर्नेछ ।

तर, करदाताले उल्लेखित म्यादभित्र सम्पत्तिको विवरण पेश नगरेको अवस्थमा उपमहानगरपालिकाको अभिलेखको आधारमा कर निर्धारण गर्न उपमहानगरपालिकालाई बाधा पर्ने छैन ।

आ. करदाता नावालक वा मानसिक सन्तुलन गुमाएको वा कसैको संरक्षणमा रहेको भएमा निजको सम्पत्तिको विवरण निजको संरक्षकले वा एकाघरको परिवारको कुनै

मान्यवर सदस्यले पेश गर्न सक्नेछ ।

इ. एक भन्दा बढी व्यक्तिहरु वा संस्थाहरुको संयुक्त स्वामित्वमा रहेको घर जग्गाको विवरण संयुक्त स्वामित्व भएका व्यक्तिहरु वा संस्थाहरु मध्ये कुनै एकले पेश गर्न सक्नेछ ।

ई. करदाताले झुठा विवरण पेश गरेमा सजायको भागीदार करदाता स्वयम् नै हुनेछ र निजलाई दिइने सजाय दफा २८ मा उल्लेख भए बमोजिम हुनेछ ।

उ. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका प्रत्येक करदाताको विवरण अध्यावधिक गरी राख्नुपर्नेछ ।

द) मुल्याङ्कनका आधारहरु :

अ. प्रचलित बजार मुल्य र स्थान विशेषको आधारमा तोकेको जग्गाको प्रति धुर वा कठा वा वर्ग मिटर दर ।

आ. घरको आकार, प्रकार, बनोट र उपयोग समेतका आधारमा कायम गरेको घरको प्रति बर्ग फुट वा वर्ग मिटर दर ।

इ. घरको तोकिए बमोजिमको ह्रासकट्टी दर ।

ई. कुनै घर वा घरको केही भाग क्षति भईसम्पत्ति कर भुक्तानी गर्न क्षतिग्रस्त वा भत्केको घर/भागको मुल्य घटाई निर्धारण गरी पाउन निवेदन दिएमा सम्बन्धित वडाका प्राविधिकले दिएको स्थलगत प्रतिवेदन ।

उ. सम्बन्धित करदाताको अभिलेख र करदाताले उपलब्ध गराएको विवरणका साथै आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्दा प्राप्त विवरण ।

ऊ. सिनेमा हलको मुख्य अडिटोरियम हलको मूल्यांकनमा पच्चिस प्रतिशत छुट दिईनेछ ।

ध) धरान उपमहानगरपालिकाले कायम गरेको कर योग्य सम्पतिको मूल्याङ्कन र सो बमोजिम लागेको सम्पत्ति कर भुक्तानीका लागि उपमहानगरपालिकाले करदाता समक्ष मंसिर महिनाभित्र बिलबिजक जारी गरेको सूचना पठाउन सक्नेछ ।

न) उपमहानगरपालिकाबाट प्राप्त कर निर्धारण बमोजिम बुझाउनु पर्ने कर करदाताले बाटो म्याद समेत पैतिस दिन भित्र बुझाउनु पर्नेछ ।

प) कुनै कर एकाईबाट गरिएको सम्पत्तिको मुल्याङ्कन वा सम्पत्ति कर निर्धारण उपर करदातालाई चित्त नबुझेमा पैंतीस दिनभित्र सम्पत्तिको पुनः मूल्याङ्कन वा पुनः कर निर्धारण गर्न उपमहानगरपालिकाको प्रमुख समक्ष निवेदन दिन सक्नेछ । यसरी पर्न आएको निवेदन प्रमुखले तीस दिनभित्र सम्पत्तिको पुनः मूल्याङ्कन वा पुनः कर निर्धारण गरी दिनुपर्नेछ ।

फ) कुनै घर वा संरचना भत्किइ वा भत्काइ पाताल भएको अवस्थामा घरधनीले घरपाताल सिफारिस सहित विवरण पेश गरेमा भत्किएको वा भत्काइएको घर वा संरचना रहेको जग्गामा नयाँ निर्माण नहुँदा सम्म त्यस्तो घर वा संरचनालाई सम्पत्ति कर निर्धारण गर्दा समाबेश गरिने छैन ।

११.बाटोमा पर्ने जग्गाको वर्गिकरण :सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मुल्याङ्कन गर्न उपमहानगरक्षेत्र भित्रको बाटोमा पर्ने जग्गाको बर्गिकरण देहाय बमोजिम गरिनेछ :

(क) मुख्य सडकमा क्षेत्रमा पर्ने जग्गा ।

(ख) भित्री सडक क्षेत्रमा पर्ने जग्गा ।
(ग) भित्री सडक लुप क्षेत्रमा पर्ने जग्गा ।
(घ) अन्य क्षेत्रमा पर्ने जग्गा ।

१२. यस दफा बमोजिम जग्गा र भौतिक संरचनाको नयाँ मूल्यांकन दर निर्धारण नभएसम्मको लागि जग्गा र भौतिक संरचनाको मूल्यांकनमा वार्षिक दश प्रतिशतले वृद्धि गरिनेछ।♦

८. **घरजग्गा रजिष्ट्रेशन शुल्क :**

१. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका घर वा जग्गा वा घरजग्गाको कारोबार भएका बखत तोकिए बमोजिम प्रदेश कानूनमा तोकिए बमोजिमको रजिष्ट्रेशन शुल्क असूल गर्नेछ ।

२. उपदफा (१) बमोजिम रजिष्ट्रेशन शुल्क बुझाउने दायित्व रजिष्ट्रेशनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्तिको हुनेछ ।

३. घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको तोकिए बमोजिमको न्यूनतम दर अनुसार कायम हुने रकम मध्ये जुन बढी हुन्छ सो रकम त्यस्तो घर वा जग्गा वा घरजग्गाको कूल रजिष्ट्रेशन रकम मानी उक्त रकममा तोकिए बमोजिमका दरले रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ ।

४. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र सो अन्तर्गतका निकायहरुले रजिष्ट्रेशनबाट घर वा जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्दा रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

---

♦ पहिलो संशोधन २०७८

५. उपमहानगरपालिकाले घर वा जग्गा वा घरजग्गा रजिष्ट्रेशन पास गर्दा कारोबारबाट त्यस्तो घर वा जग्गा वा घरजग्गाको विक्रेतासँग नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभ कर असुल गरी तोकिएको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

६. यो दफा उपमहानगरपालिकालाई रजिष्ट्रेशन गर्ने जिम्मेवारी प्राप्त भए पछि लागु हुनेछ ।

## ९. भूमिकर (मालपोत) :

१. उपमहानगरपालिकाले उपमहानगर क्षेत्रभित्र रहेको सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा जग्गाको प्रयोजन र वर्गिकरण तथा उपयोगको आधारमा बमोजिम भूमिकर (मालपोत) लगाई असुल गर्नेछ ।

## १०. घर जग्गा बहाल कर :

१. उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, वा अन्य साधन वा सामाग्री, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तबरले बहाल दिएकोमा बहाल रकममा देहायको बमोजिम बहालकर संकलन गरिनेछ :

क) उपमहानगरपालिका क्षेत्रभित्र कुनै संगठित संस्था, कम्पनी, कार्यालय बहालमा बसेवापत बहाल रकम बुझाउँदा बहालमा बस्ने पक्षले श्रोत मै अग्रिम घरबहाल कर कट्टी गरी उपमहानगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ख) प्रचलित बजार मूल्यभन्दा कम मूल्यमा बहाल लागएको पाइएमा धरान उपमहानगरपालिकाले न्यूनतम बहाल कर दर निर्धारण गरी बहाल कर असुलउपर गर्न सक्नेछ ।

ग) सम्पत्ति बहाल दिंदा प्रत्येक सम्पत्ति धनीले वहाल बस्ने वा भाडामा लिने पक्षसँग प्रचलित कानून बमोजिम सम्झौता गरी त्यस्तो सम्झौता वा सम्झौता संसोधन गरिएमा सोको विवरण समेतको प्रति सम्झौता भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ङ) सम्पत्ति बहाल दिने सम्पत्ति धनीले वहाल करको यथार्थ विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ । एक पटक विवरण बुझाई सकेका र विवरणमा परिवर्तन नभएको भएमा भने विवरण पुनः पेश नगर्न सकिनेछ ।

च) यस दफा बमोजिम दाखिला गर्नुपर्ने अन्तिम किस्ता बापतको बहाल कर तिर्नुपर्ने दायित्व भएको सम्पत्ति धनि व्यक्ति वा संस्थाले आर्थिक बर्ष समाप्त भएको मितिले एक महिनाभित्र दाखिला गरिसक्नु पर्नेछ ।

छ) टेण्ट वा कुनै साधन वा सामाग्री भाडामा दिए वापत प्राप्त हुने रकममा समेत तोकिए बमोजिमको वहाल कर लगाई असुल गरिनेछ ।

ज) बहाल कर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ११. व्यवसाय कर :

१. नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट इजाजत प्राप्त गरी उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने उद्योग, व्यापार, व्यवसाय वा सेवालाई पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता र नविकरण गरी बार्षिक व्यवसाय कर तोकिए बमोजिम लगाई असुल गरिनेछ ।

२. व्यवसायलाई सामान्य व्यवसाय र विशेष प्रकृतीको व्यवसायमा वर्गिकरण गरी विशेष प्रकृतिको व्यवसाय दर्ता गर्दा स्थानीय सर्जमिन र तोकिएको मापदण्डको आधारमा मात्र स्वीकृती दिईनेछ ।
३. उपदफा २ बमोजिम विशेष प्रकृतीको व्यवसाय भन्नाले धुलो, धुँवा, गन्ध, आवाज वा अन्य कुनै किसिमको समाजमा असर पार्न सक्ने वा वातावरणीय प्रभाव पार्ने किसिमको उद्योग, पेशा, व्यवसाय वा कारोवारलाई सम्झनु पर्दछ । औद्योगिक क्षेत्र वाहेक अन्य क्षेत्रमा कुनै पनि प्रकारको उद्योग दर्ता गर्नु पर्दा अनिवार्य रुपमा स्थानीय सर्जमिन गर्नु पर्नेछ ।
४. गैर नागरिकको हकमा व्यवसाय दर्ता गर्दा दुई आथिक वर्षको कर वरावरको रकम धरौटी राखि चालु वर्षको व्यवसाय कर तथा अन्य शुल्कहरु लिई व्यवसाय दर्ता गरिनेछ ।
५. करदाताले व्यवसाय दर्ता गर्न पेश गरेको विवरणमा हेरफेर, परिवर्तन, नामसारी वा ठाउँसारी गरेकोमा त्यस्तो कार्य भएको मितिले पैतीस दिनभित्र सम्बन्धित कर एकाईमा जानकारी दिनुपर्नेछ । यदि आर्थिक वर्ष शुरु हुनु भन्दा अघि व्यवसाय बन्द भएको भनि आर्थिक वर्ष शुरु भएको मितिले पैतीस दिनभित्र सूचना दिएमा चालु आर्थिक वर्षको व्यवसाय कर र शुल्क छुट गरी व्यवसायको लगत कट्टा गरिनेछ । ♥
६. कर प्रयोजनका लागि उपमहानगरपालिका क्षेत्रभित्र रहेका उद्योग, व्यापार, व्यवसाय वा सेवाको वर्गिकरण स्थानीय राजश्व परामर्श समितिको सिफारिसको आधारामा गरिनेछ ।

♥ चौथो संशोधन २०८१

७. एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानीनेछ ।

८. कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न, नामसारी गर्न निवेदन दिन सक्नेछ र त्यस्तो निबेदन प्राप्त भए पछि सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बढीमा सात दिन भित्र कार्य फछ्र्यौट गर्नुपर्नेछ ।

९. व्यवसाय र सो को स्तर वर्गिकरण गरि दर निर्धारण वार्षिक रुपमा गरिनेछ ।

१०. व्यवसाय दर्ता, नविकरण र लगत कट्टा तथा खारेजीलाई सरलिकृत गर्ने सम्बन्धमा छुट्टै कार्यविधि तर्जूमा गरी लागु गरिनेछ ।

११. कर संकलनको लागि स्थलगत रुपमा घुम्ति सेवाकोलागि टोली खटाउन सकिनेछ ।

१२. व्यवसाय कर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. ऐनको दफा ११ मा उपदफा (१३) थप गरी "व्यवसाय नामसारी दस्तुर व्यवसाय करको पच्चिस प्रतिशत लाग्नेछ । ♣

तर मृतकबाट हुने नामसारी दस्तुर रु. ५००/- मात्र हुनेछ ।

१४. व्यवसाय दर्ता गर्दा अनिवार्य रुपमा व्यवसाय गर्ने स्थल (घरजग्गा)को स्वामित्व आफ्नोमा रहेको खुल्ने प्रमाण पेश गर्नु पर्नेछ । सो पेश नगरेमा प्रमाणित घरजग्गा बहाल सम्झौता पत्र पेश गर्नु पर्नेछ । ♣

१५. कुनै व्यवसायको प्रचार प्रसार र प्रमोशन गर्ने उद्देश्यले कुनै चोक वा सार्वजनिक स्थलमा अनुमति लिई छोटो

♣ दोश्रो संशोधन २०७९

♣ दोश्रो संशोधन २०७९

अवधिको लागि (बढिमा ७ दिनसम्मको लागि मात्र) दैनिक तोकिएको दरले शुल्क लिई स्टल राख्न अनुमति दिन सकिनेछ । ♣

१६. अति साधारण प्रकृतिका- (१) सामान्य चियानास्ता पसल (२) अति सामान्य प्रकृतीको किराना पसल (३) परम्परागत सिलाई जस्ता व्यवसायहरुलाई करको दायरामा ल्याउन एक मुष्ठ वार्षिक तोकिएको दरमा कर लिई दर्ता र नविकरण गरिनेछ । ♣

१७. स्वास्थ्य उपचारसंग सम्बन्धित क्लिनिक, ल्याव, अस्पताल वा नर्सिङहोम जस्ता संस्था दर्ता र स्थापना गर्दा स्वास्थ्य महाशाखाको सिफारीश लिएर मात्र व्यवसाय दर्ता गरिनेछ । ♣

१८. आर्थिक वर्ष २०७४/०७५ भन्दा अगाडि स्थापना भएका सहकारीहरुको व्यवसाय दर्ता गर्दा वडा कार्यालय र आर्थिक विकास महाशाखा (वा सहकारी शाखा) बाट सिफारीस भए पछि आर्थिक वर्ष २०७४/०७५ देखिको राजस्व लिई नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरिनेछ । ♣

१९. महिलाको नाममा उद्योग, पेशा व्यवसाय दर्ता वा नविकरण गर्दा लाग्ने व्यवसाय करमा उपदफा (१) को अतिरिक्त दश प्रतिशत छुट दिईनेछ । ♣

२०. अपाङ्गता परिचयपत्र (क, ख र ग वर्ग) प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिको नाममा व्यवसाय दर्ता भइ निजसमेतको सहभागितामा सञ्चालित हुने व्यवसायमा

---

♣ दोश्रो संशोधन २०७९

♣ दोश्रो संशोधन २०७९

♣ दोश्रो संशोधन २०७९

♣ दोश्रो संशोधन २०७९

♣ दोश्रो संशोधन २०७९

नविकरण दस्तुर उपदफा (१) को अतिरिक्त थप दश प्रतिशत छुट दिईनेछ। ♣

## १२. <u>सवारी साधन कर :</u>

१. सवारी साधन करको दर निर्धारण र संकलन गर्ने तरिका प्रदेश कानूनले तोके बमोजिम हुनेछ र सोको संकलन प्रदेश कानून अनुसार उपमहानगरपालिकाले गर्न सक्नेछ।

२. साबिकमा सम्बन्धित निकायमा दर्ता कायम रही उपमहानगरपालिकाबाट नविकरण तथा नामसारी हुँदै आएका ई रिक्सा, ठेलागाडा र रिक्साको सवारी साधनमा लाग्ने करको दर तोकिएबमोजिम हुनेछ। हाल दर्ता भई सञ्चालनमा रहेका ठेलागाडा र रिक्सा बाहेक साविकै प्रकृतिका नयाँ ठेलागाडा, यन्त्र जडान नभएका परम्परागत रिक्सा दर्ता नगर्ने र आयु निर्धारण गरी बिस्थापन गर्दै जाने । तर उक्त क्षेत्रमा आश्रित जनशक्तिको मागको आधारमा यातायात ब्यवस्थापनमा सहज एवं सरल हुने गरी समय सापेक्ष सुधारिएका, वातावरणमैत्री, प्रविधिमैत्री (SLOW MOTION VEHICAL) रिक्साको नयाँ दर्ताको लागि अध्ययन गरी रिक्शा सञ्चालन गर्ने क्षेत्र र रिक्शा संख्या उपमहानगरपालिकाले निर्धारण गरे अनुसार हुनेछ।

## १३. <u>मनोरञ्जन कर :</u>

१. मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेश कानूनले तोके बमोजिम हुनेछ र सोको संकलन प्रदेश कानून अनुसार उपमहानगरपालिकाले गर्नेछ।

---

♣ दोश्रो संशोधन २०७९

## १४. विज्ञापन कर :

१. उपमहानगरपालिका क्षेत्रभित्र गरिने विज्ञापनको लागि उपमहानगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृत प्रदान गर्दा सर्वसाधारण जनताको हित सम्बन्धी  कुराका अत्तिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क, शहरी सौन्दर्यमा प्रतिकूल असर नहुने गरी, सामग्रीको भाषिक शुद्धता र सालिनता जस्ता शर्तहरु किटान गरिनेछ । साथै सम्पूर्ण बिज्ञापन बोर्डहरुको बायाँ तर्फको माथील्लो भागमा अनिवार्यरुपमा उपमहानगरपालिकाबाट प्रदान गरिएको स्वीकृत नम्बर राख्नु पर्नेछ ।

२. उपमहानगरपालिका क्षेत्रभित्र सरकारी वा सार्वजनिक स्थलमा राखिने प्रचार सामाग्रीमा विज्ञापन कर लिईनेछ भने निजी क्षेत्रमा राखिने प्रचार सामाग्रीमा वार्षिक अनुमती शुल्क लिईनेछ ।

३. यसरी गरिने बिज्ञापनमा उपमहानगरपालिकाले तोकिएबमोजिमका दरले कर दर कायम गरी बिज्ञापन कर तथा अनुमती शुल्क लगाई असूल गरिनेछ । बिज्ञापन करको दर नगर सभाले तोके बमोजिम हुनेछ ।

४. कुनै पनि ब्यक्ति, संस्था, कम्पनी, फर्मले आफ्नो सेवा वा बस्तुको बिक्री प्रयोजनको लागि खोलिएका कार्यालय, पसल ब्यबसायको पहिचान वा परिचयको लागि बढीमा छत्तीस बर्ग फुट सम्मको एउटा मात्र परिचयपाटी (Sign Board) राख्न दिईनेछ । एक भन्दा बढी परिचय पाटीमा कर छुट दिईने छैन ।

५. स्थानीय लिपी प्रयोग गरी गरिएका परिचय पाटीमा लाग्ने बिज्ञापन करमा पचास प्रतिशत छुट प्रदान गरिनेछ ।

६. कुनै पनि कम्पनी फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको प्रचार सामाग्री राखेमा उक्त विज्ञापनको कर प्रायोजकबाट असुल गरिनेछ । सो असुल गराउने दायित्व सम्बन्धित धनी वा उद्योगी व्यवसायीको हुनेछ ।

७. नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी वा सार्वजनिक संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राख्नु परेमा उपमहानगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. व्यापारिक वा व्यवसायीक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुने छैन ।

९. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट सार्वजनिक जानकारी तथा जनहितका लागि राखिएका विज्ञापनमा कर लाग्ने छैन ।

१०. उपमहानगरपालिकाले मुख्य बजार क्षेत्रमा द्वार (गेट) निर्माण, स्टल निर्माण, स्टिकर टाँस्ने, वाल पेन्टीङ्गका माध्यमबाट गरिने विज्ञापनका लागि स्वीकृति प्रदान गरिने छैन । साथै प्याम्प्लेट, पोष्टरीङ्ग, पर्चा, ब्यानरलाई पूर्णरुपमा निषेध गरिएकोछ ।

११. विज्ञापन गर्ने प्रयोजनका लागि बिज्ञापन गरिने स्थानको ब्यबस्था सम्बन्धित पक्षले नै गरि निवेदन साथ पेश गर्नु पर्नेछ । बिज्ञापन गरिने स्थान वा घर संगै अन्य ब्यक्ति वा संस्थाको घर, जग्गा जोडिएको भए सो घर वा जग्गा धनीको सहमति लिनु पर्नेछ । घर पसलमा राखिने प्रचार सामाग्रीको कर भुक्तानी गर्नै जिम्मेवारी सम्बन्धित घर, पसल धनीको हुनेछ।

१२. सूर्तिजन्य, मदिराजन्य, जस्ता स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा नेपाल सरकारबाट प्रतिबन्धीत तथा नगर कार्यपालिकाबाट निषेध गरिएका सामग्रीको बिज्ञापन गर्न पाईने छैन ।

१३. भवनको छतमा असुरक्षीत हुने गरी होर्डिङ्वोर्ड वा बिज्ञापन सामग्री राख्न पाईने छैन ।

१४. निजी क्षेत्रमा राखिने होर्डिङ्वोडको लागि अनिवार्य रुपमा प्राविधिकबाट निरिक्षण गरी प्राप्त प्रतिवेदनको आधारमामात्र उपयुक्तताको आधारमा स्वीकृती दिन सकिनेछ ।

१५. भवनका झ्याल छोपेर होर्डिङ्वोड वा बिज्ञापन सामग्री राख्न पाईने छैन ।

१६. बाटो/सडक पेटीसँग जोडिएर बनेका संरचनाहरुमा बाहेक अन्यत्र बाह्य बिज्ञापन बोर्ड वा परिचयपाटी राख्न चाहेमा नयाँ संरचना खडा गरि बाटो/सडक पेटीको सिमाना देखि दश फिट भित्र मात्र विज्ञापन बोर्ड राख्न पाईनेछैन ।

१७. सार्वजनिक उत्तरदायित्व अन्तर्गत सार्वजनिक नीजि साझेदारीमा निर्माण भएका जुनसुकै संरचनाको निर्माणकर्ताले उपमहानगरपालिका स्वीकृती बाहेक अन्य विज्ञापन राख्न पाईने छैन । तर उपमहानगरपालिकाको तर्फबाट सूचना राख्न भने बाधा पर्ने छैन ।

१८. पुरातात्विक महत्वका क्षेत्र, प्रमुख प्रशासकीय क्षेत्र, सम्पदा क्षेत्र, कूटनितिक क्षेत्र जस्ता स्थान बिषेश आधारमा उपमहानगरपालिकाले बिज्ञापन राख्न/गर्न स्वीकृती प्रदान गरिने छैन ।

१९. विज्ञापन कर वा अनुमती शुल्क प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तभित्र बुझाई सक्नु पर्नेछ । तोकिएको समयभित्र नबुझाएमा प्रचार सामाग्रि हटाई सो को खर्च समेत सम्बन्धीत व्यवसायी वा घरधनीबाट असुल गर्न सकिनेछ ।♥

---

♥ चौथो संशोधन २०८१

२०. प्रचार सामाग्रि हटाउँदा कुनै हानि नोक्सानी वा क्षति भएमा सो को जिम्मेवारी सम्बन्धित व्यवसायी वा घरधनी हुनु पर्नेछ। ♥

## परिच्छेद-५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

### १५. करदाता पहिचान तथा दर्ता :

१. व्यवसाय सञ्चालन गर्नु पुर्व ब्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

२. करदाताले व्यवसायदर्ताको प्रमाणपत्र कारोवार स्थालमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

३. उपदफा २ बमोजिम करदाताको पहिचान गर्दा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र उपमहानगरपालिका कर प्रशासनलाई कुनै श्रोतबाट प्राप्त सूचना र छानविन गर्दा देखिएका तथ्य समेतका आधारमा करदाताको पहिचान गरिनेछ।

४. यस ऐन बमोजिम कर तिनुपर्ने दायित्व भएको करदाताको विवरण खुलाई करदाताको अभिलेख उपमहानगरपालिकाले तयार गरी राख्नुपर्नेछ र त्यस्तो अभिलेख नियमित रुपमा अध्यावधिक गर्नु पर्नेछ।

५. यो ऐन प्रारम्भ हुदाका बखत कारोवार गरी आएका तर धरान उपमहानगरपालिकाबाट व्यवसाय दर्ता प्रमाणपत्र प्राप्त नगरेका करदाताले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र आफ्नो व्यवसाय अनिवार्य दर्ता गराउनु पर्नेछ। सो अवधि भित्र दर्ता नगराएका करदाताले आफ्नो व्यवसाय दर्ता भए देखि नै व्यवसाय कर दाखिला नभएको मानि सो अवधिको कर बाँकी

♥ चौथो संशोधन २०८१

बक्यौता स्वरुप असुल उपर गरी व्यवसाय दर्ता गरिनेछ।

६. करदाताको दायित्वः यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ :

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

ख) निर्धारित समयमा कर दाखिला गर्ने ।

ग) यस ऐनबमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

घ) कर सम्बन्धी कागजातहरु सुरक्षित राख्ने ।

ङ) कर अधिकृतले मागेको सूचना,तथ्याङ्कर आवश्यक विवरण उपलब्ध गराउने ।

च) कर संकलन कार्यमा उपमहानगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउने ।

## १६. करदाताको अधिकार :

१. यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदातालाई देहायको अधिकार हुनेछ :

क) सम्मानपूर्ण व्यवहार प्राप्त गर्ने अधिकार ।

ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

ग) कर सम्बन्धी विषयमा कानूनले तोकेको म्याद भित्र प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

घ) प्रतिरक्षाका लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार ।

ङ) यस ऐन र प्रचलित कानूनमा उल्लेख भए बाहेक कर सम्बन्धी सूचना, तथ्याङ्क र विवरणको गोपनियता अनतिक्रम्य हुने अधिकार ।

२. उपदफा (१) बमोजिमको अधिकारको दाबी गर्दा करदाताले आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३. करदाताको प्रतिनिधित्व

क) करदाताको परिवारको उमेर पुगेको सदस्य वा माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखित रुपमा अख्तियार दिई पठाएको उमेर पुगेको वारेसले निजको प्रतिनिधित्व गर्न सक्नेछ ।

ख) खण्ड (क) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कार्वाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धी व्यवस्था

**१७. विवरण दाखिला गर्न आदेश दिन सक्ने :**

१. यस ऐन बमोजिम करदाताले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले त्यस्तो आधार र कारण खोली कर विवरण दाखिला वा पुनः दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा करदाताले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र उपमहानगरपालिकामा विवरण दाखिला गर्नुपर्नेछ ।

२. कुनै कारण परी उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने करदाताल सोको स्पष्ट प्रमाण सहितको कारण खोली म्याद थप गर्न निवेदन दिएमा कर अधिकृतले निजले पेश गरेको प्रमाण मनासिव देखेमा बढीमा तीस दिन सम्मको म्याद थपगर्न सक्नेछ ।

**१८. विवरण सच्याउन सकिने :**

१. यस परिच्छेद बमोजिम कर विवरण दाखिला भई सकेपछि कुनै तथ्याङ्क वा सूचना वा विवरणमा त्रुटी भएको वा गणितीय भूल भएको लागेमा करदाताले पहिले दाखिला गरेको तथ्याङ्क वा सूचना वा विवरण सच्याउन त्यस्तो तथ्याङ्क वा सूचना वा विवरण दाखिला भएको मितिले पन्ध्र दिन भित्र सही तथ्याङ्क वा सूचना वा विवरण पेश गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि कर अधिकृतले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिन भित्रमा संशोधित तथ्याङ्क वा सूचना वा विवरण सम्बन्धमा जाँचबुझ गरी औचित्य समेतका आधारमा आवश्यक देखिएमा तथ्याङ्क वा सूचना वा विवरण सच्याई आफुले सोको अभिलेख राख्ने र करदातालाई लिखित जानकारी दिनेछ ।

## परिच्छेद ७
## कर दाखिला सम्बन्धी व्यवस्था

**१९. कर दाखिला गर्नुपर्ने :**

१. करदाताले यस ऐन वमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद-४ मा उल्लेख भएकोमा सोही समय सीमा भित्र र समय उल्लेख नभएको करका हकमा निम्न बमोजिब दाखिला गर्नुपर्नेछ ।

क) चालु वर्षको कर तथा शुल्कको हकमा प्रत्येक आर्थिक वर्ष भित्र, वा

ख) कर निर्धारण आदेश प्राप्त भएको मितिले पैतिस दिन भित्र

२. यस ऐन वमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर त्यस्तो कर कट्टी भएको महिना पछिको अर्को

महिनाको २५ गते भित्र उपमहानगरपालिकाले तोकेको कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

३. करदाताले विद्युतीय भुक्तानी माध्यमको उपयोग गरि उपहानगरपालिकाले तोकेको बैंक खातामा रकम जम्मा गरी कर दाखिला गर्न सक्नेछ ।

२०. **कर दाखिलाको निस्सा दिनुपर्ने :**

१. यस ऐन बमोजिम बुझाउन पर्ने कर वा गैरकर राजस्व बुझिलिए पछि त्यस्तो राजस्व बुझ्ने कर्मचारीले करदातालाई सोको निस्सा तुरुन्त दिनुपर्नेछ ।

२. गत आर्थिक वर्षमा लाग्ने सम्पूर्ण बहाल कर बुझाए पछि सो आर्थिक वर्षको बहाल कर चुक्ता प्रमाण पत्र र चालु आर्थिक वर्षमा बहाल कर भुक्तानी गरेकोमा सो को बहाल कर भुक्तानी पत्र दिईनेछ । ♠

## परिच्छेद ८
## कर फिर्ता र समायोजन

२१. **कर फिर्ता सम्बन्धी व्यवस्था :**

१. करदाताले यस ऐन बमोजिम कर बुझाउँदा कर तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम फिर्ताका लागि निवेदन परेकोमा सोको व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र बढी कर दाखिला गरेको भनी ठहरिएको रकम फिर्ता दिने वा पछिल्लो आ.ब. को कर दायित्वबाट मिलान गर्न सकिनेछ ।

♠ तेश्रो संशोधन २०८०

२२. **कर समायोजन सम्बन्धी व्यवस्था :**

१. करदाताले दफा (२२) बमोजिम फिर्ता पाउने ठहरिएको रकम आगामी आर्थिक बर्षमा दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम निवेदन परेकोमाबढी कर दाखिला गरेको भनी ठहरिएको रकम कर अधिकृतले निवेदन परेकोएक महिना भित्र समायोजन गरी अभिलेखमा जनाई राख्नु पर्नेछ र सोको लिखित जानकारी निवेदकलाई दिनुपर्नेछ ।

## परिच्छेद - ९
## कर परीक्षण र कर निर्धारण

२३. **कर परीक्षण र कर निर्धारण :**

१. यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण

गर्नेछ :

क) नगरपालिकासंग सरोकार रहेका अभिलेख दुरुस्त राखेको वा भएको नदेखिएमा ।

ख) गलत वा झुठा कागजात र विवरण संलग्न गरेको देखिएमा ।

ग) कारोवारको विवरण यथार्थ देखाएको भनी विश्वास गर्नुपर्ने मनासिव कारण नदेखिएमा ।

घ) करको दायित्व कम देखाएकोमा ।

ङ) करको दर फरक परेकोमा ।

च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्ने स्पष्ट व्यवस्था भएकोमा पनि सोको दाबी गरेकोमा ।

२. उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा उपमहानगरपालिकाले तीस दिनको म्याद दिई करदातालाई आफ्नो स्पष्टीकरण पेश गर्न लिखित सूचना दिन सक्नेछ ।
३. उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले १५ दिन भित्र आफ्नो स्पष्टीकरण पेश गर्नुपर्नेछ ।
४. उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा कर अधिकृतले सो स्पष्टीकरणमा करदाताले पेश गरेको विवरण कानून सम्मत भए नभएको विचार गरी वा स्पष्टीकरण पेश नगरेकोमा कानून बमोजिम कर निर्धारण गर्नुपर्नेछ ।
५. करदाताले साविककै दरमा विवरण घोषणागरी विवरण पेश गरेको मितिले तीन वर्षसम्म घोषणा गरिएको विवरण संशोधन गरी पुनः कर निर्धारण गर्न सन्तोषजनक आधार र कारण सहित निवेदन दिएमा त्यस्तो निवेदन उपर कर अधिकृतले जाँचबुझ गरी करदातालाई सफाईको मौका दिई पुनः कर निर्धारण गर्न सक्नेछ ।

२४. **कर निर्धारणको सूचना :**

१. यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय र सीमा तथा बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई सोको सूचना दिइनेछ ।
२. करदाताले उपदफा (१) बमोजिम सूचना प्राप्त गरे पछिसो सूचनामा उल्लेखित समय सीमाभित्र तोकिएको स्थानमा कर दाखिला गर्नुपर्नेछ ।

३. उपदफा (२) बमोजिम कर रकम बैंक दाखिला गरेकोमा करदाताले सोको तोकिएको भौचरको एक प्रति उपमहानगरपालिकामा बुझाउनुपर्नेछ ।

## परिच्छेद १०
## कर संकलन सम्बन्धी व्यवस्था

२५. **कर संकलन सम्बन्धी व्यवस्था :**

१. कर अधिकृतले देहाय बमोजिम कर राजस्व तथा गैर कर राजस्व असुल गर्न सक्नेछ :-

क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पुर्व सहमति लिई कट्टा गरेर ।

घ) कुनै बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

ङ) करदाताको कारोबार रोक्का गरेर ।

च) करदाताको चल-अचल सम्पत्ति बिकि गरी प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरेर ।

२६. **किस्तावन्दीमा कर असुली :**

१. पाँच लाख भन्दा बढी बार्षिक कर तिर्नु पर्ने दायित्व भएका करदाताले समयमा कर तिर्न नसक्ने कारण जनाई निवेदन दिएमा कर अधिकृतले जाँचबुझ गरी मनासिव देखेमा बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

तर, बक्यौता कर संकलन गर्दा यस ऐन बमोजिम लाग्ने व्याज, जरिवाना, थप दस्तुर तथा शुल्क मिनाहा हुने छैन ।

## परिच्छेद ११
## जरिवाना शुल्क र व्याज

२७. **झुठा विवरण दिएमा शुल्क लाग्ने :**

१. यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुठा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको पचास प्रतिशत थप शुल्क लगाइनेछ ।

२८. **जरिवाना लाग्ने :**

१. यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी कर दायित्व घटाएमा घटेको कर रकम र सो को पचास प्रतिशत जरिवाना गरी असुलउपर गरिनेछ ।

२. उपमहानगरपालिकाको स्वीकृति बेगर शहरी सुव्यवस्थापन कार्यमा प्रतिकूल असर पर्ने गरी कानून विपरित सञ्चालन गरेका सडक पेटी अतिक्रमण, आवगमन अवरोध, जथाभावी फोहर गर्ने, वायु तथा ध्वनी प्रदूषण बढाउनेजस्ता कृयाकलाप गर्नेलाई तथा यो ऐन तथा यस ऐन बमोजिम बनेको नियम उल्लघन गर्ने व्यक्तिलाई कर छलिएको भए लाग्ने कर र कसुर अनुसार एक हजार देखि पाँच लाखसम्म जरिवाना लगाई असुल उपरगर्नेछ ।

३. उपमहानगरपालिकाले निर्धारण गरेको वार्षिक र मासिक रुपमा तोकिएको कर, शुल्क, दस्तुर, महसुल र भाडा तोकिएको समयमा भुक्तानी नगरेमा देहाय

बमोजिमको जरिवानासहित बक्यौता असुलउपर गरिनेछ:

क) उपमहानगरपालिकालाई तिर्न वा बुझाउन बाँकी कर तथा सेवाशुल्कको बक्यौतामा गत आ.व. का लागि १५ प्रतिशत र त्यस अघिका वर्षहरूमा क्रमश: थप १५ प्रतिशत बृद्धिका दरले जरिवाना असुलउपर गरिने छ । यो व्यवस्था आगामी आर्थिक वर्ष २०७८।०७९ देखि लागु हुनेछ । ♣

ख) सम्पत्ति करको हकमा आ.व. २०६१।०६२ सम्मको एकमुष्ठ बक्यौतालाई आ.व.२०६१।०६२ को बक्यौतासरह मानी सोहीबमोजिम जरिवाना निर्धारण गरी असुल गरिनेछ।

४. कुनै व्यक्तिले तिर्नु पर्ने कर, दस्तुर, महशुल वा शुल्क छल्ने नियत लिई झुटा वा अधुरो विवरण दाखिला गरेमा निजलाई एकहजार रूपैयाँ देखि पाँच लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

५. नियमानुसार ठेक्का स्वीकृत भई चलानपूर्जी नपाएसम्म वा उत्खनन गर्न नपाइने क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा वा भरौट उत्खनन गरेमा त्यस्तो सामान उत्खननमा प्रयोग हुने सामग्री र ढुवानी गर्ने साधन नियन्त्रणमा लिई दश हजार रूपैयाँ देखि वीस लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

६. उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनद्वारा निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत नगर कार्यपालिकालाई बुझाउनु पर्ने यस सम्बन्धीको अनुसूचीमा उल्लेख भए बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर नबुझाई निकासी गर्न लागेको सवारी साधनलाई दश

♣ दोश्रो संशोधन २०७९

हजार रूपैयाँ देखि वीस लाख रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ।

७. उपदफा (५) र (६) बमोजिम पक्राउ गर्ने ट्राफिक प्रहरी, संघीय वा प्रदेश प्रहरी कार्यालय वा नगरप्रहरीलाई जरिवाना रकमको पन्ध्र प्रतिशत रकम प्रोत्साहन स्वरूप उपलब्ध गराइने छ ।

८. उपमहानगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानुन पालना नगरेको कसुरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित संघीय तथा प्रदेश कानुनमा तोकिएबमोजिम हुनेछ ।

९. धरान उपमहानगरपालिकाबाट निर्माण ईजाजत नलिई निर्माण गरिने संरचनाको हकमा देहाय बमोजिमको नक्सा पास दस्तुर र जरीवाना लाग्नेछ ।♦

क. नगरपालिकामा नक्सा पास नगरी निर्माण गरिने भौतिक संरचनाको लागि देहाय बमोजिमको जरीवाना समेत लाग्नेछ।

अ. २०६४ भाद्र ५ गते पछि कार्यालयमा नक्सा पासको लागि रितपूर्वकको निवेदन पेश नगरी भवन निर्माण भएको हकमा उपदफा (२)(क) बमोजिमको नक्सा पास दस्तुर र देहाय बमोजिमको जरीवाना लाग्नेछ ।

| **निर्माण भएको विवरण** | **न्यूनतम्** | **अधिकतम्** |
|---|---|---|
| भुँई तलाको छत ढलाईसम्म । | प्रति वर्गफिट रु. २/- | जम्मा रु. पाँच लाख सम्म । |
| पहिलो तलाको छत ढलाईसम्म । | प्रति वर्गफिट रु. ३/- | जम्मा रु. पाँच लाख सम्म । |

♦ पहिलो संशोधन २०७८

| | | |
|---|---|---|
| दोश्रो तलाको ढलाईसम्म । । | प्रति वर्गफिट रु. ४/- | जम्मा रु. पाँच लाख सम्म । |
| तेश्रो तलाको छत वा सो भन्दा माथि । | प्रति वर्गफिट रु. ५/- | जम्मा रु. पाँच लाख सम्म । |

आ. २०६४ भाद्र ५ गते पछि कार्यालयमा नक्सा पासको लागि रितपूर्वकको निवेदन पेश गरेको तर पहिलो चरणको (प्लिन्थ लेभल) ईजाजत लिनु पूर्व नै भवन निर्माण गरेको हकमा देहाय बमोजिमको जरीवाना लाग्नेछ।

| **विवरण** | **न्यूनतम्** | **अधिकतम्** |
|---|---|---|
| भुँईतलाको प्लिन्थ लेभलसम्म | प्रति वर्गफिट रु. १५/- | जम्मा रु. पाँच लाख सम्म । |
| भुँई तलाको छत ढलाई सम्म | प्रति वर्गफिट रु. २०/- | जम्मा रु. पाँच लाख सम्म । |
| पहिलो तलाको छत सम्म । | प्रति वर्गफिट रु. ३०/- | जम्मा रु. पाँच लाख सम्म । |
| सो भन्दामाथि | प्रति वर्गफिट रु. ३५/- | जम्मा रु. पाँच लाख सम्म । |

इ. २०६४ भाद्र ५ गते पछि कार्यालयमा नक्सा पासको लागि रितपूर्वकको निवेदन पेश गरी पहिलो ईजाजत (प्लिन्थ लेभल) लिएको तर दोश्रो चरणको (सुपरस्ट्रक्चर) ईजाजत नलिई भवन निर्माण गरेमा देहाय बमोजिमको जरीवाना लाग्नेछ। तर यस उपदफा बमोजिमको जरिवाना घरधनीले दोश्रो चरणको ईजाजत पाउन कार्यालयमा निवेदन पेश गरी १५ दिनभित्र

निरिक्षण गर्दा तपसिल बमोजिमको निर्माण भएको पाईएमा मात्र लाग्नेछ।

| विवरण | न्यूनतम् | अधिकतम् |
|---|---|---|
| भुँई तलाको छत ढलाई सम्म | प्रति वर्गफिट रु. ३/- | जम्मा रु. दुई लाख सम्म । |
| पहिलो तलाको छत ढलाई सम्म । | प्रति वर्गफिट रु. ४/- | जम्मा रु. दुई लाख सम्म । |
| दोश्रो तलाको छत ढलाई सम्म । | प्रति वर्गफिट रु. ५/- | जम्मा रु. दुई लाख सम्म । |
| तेश्रो तलाको छत ढलाई सम्म । | प्रति वर्गफिट रु. ६/- | जम्मा रु. दुई लाख सम्म । |
| सोभन्दा माथि भए | प्रति वर्गफिट रु. १०/- | जम्मा रु. दुई लाख सम्म । |

ख. नगर कार्यपालिकाको कार्यालयबाट ईजाजत लिई भवन निर्माणको क्रममा नक्सा सशोधन गर्नु पर्ने भएमा निर्माण ईजाजत पाएको भवनको कूल क्षेत्रफलको हालको दरबाट आउने दस्तुरको १५ प्रतिशतले हुने रकम संसोधन दस्तुर लाग्नेछ।

ग. नक्सा पास प्रयोजनको लागि यस दफामा उल्लेखित प्रावधान बमोजिम जरिवाना लाग्ने भएमा जरीवाना गर्न तोकिएको अधिकारीले न्यूनतम् तोकिएको दरमा नघट्ने गरी जरीवाना गर्नेछ । कसुरको मात्रा, प्रकृती र क्षेत्र अनुसार पाँचलाख रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

घ. नक्सा पास प्रयोजनको लागि यस दफामा उल्लेखित प्रावधान बमोजिम जरिवाना लाग्ने भएमा जरीवाना गर्न तोकिएको अधिकारीले न्यूनतम् तोकिएको दरमा नघट्ने

गरी जरीवाना गर्नेछ । कसुरको मात्रा, प्रकृती र क्षेत्र अनुसार पाँचलाख रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

## परिच्छेद १२
## पुर्वादेश र प्रशासकीय पुनरावलोकन

२९. **पुर्वादेश माग गर्न सक्ने :**

१. कुनै करदातालाई यस ऐनबमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनको व्यवस्था बारे दुविधा भएमा सोको निराकरणका लागि निजले आफूलाई द्विविधा भएको विषय खोली प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले दुविधा निराकरण गर्न पुर्वादेश जारी गरी करदातालाई उपलव्ध गराउनेछ।

३. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतमा विचाराधिन रहेको वा अदालतबाट निर्णय भइसकेको विषयमा यस दफा बमोजिम पुर्वादेश जारी गर्न सकिने छैन।

४. उपदफा (१) बमोजिमको पुर्वादेश अदालतको आदेश बमोजिम अन्यथा नभए सम्म कायम रहनेछ।

३०. **प्रशासकीय पुनरावलोकन हुन सक्ने :**

१. यस ऐन वमोजिम गरिने देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

ग) दफा २९ बमोजिम जारी भएको कर सम्बन्धि पूर्व आदेश ।

३१. **पुनरावलोकनको प्रकृया :**

१. यस ऐन बमोजिम गरिएको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले नब्बे दिन भित्र प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि परेको निवेदन उपर प्रमुखले साठी दिन भित्र कारवाही किनारा गर्नुपर्नेछ ।

३. पुनरावेदनका लागि निवेदन दिने व्यक्तिले विवादित बाँकी करको पचास प्रतिशत रकम धरौटी राख्नु पर्नेछ।

## परिच्छेद १३
## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्था

## ३२. आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः

(१) यस ऐन र प्रचलित कानूनको अधीनमा रही नगर सभाले निर्णय गरे अनुसारको कर, सेवाशुल्क, दस्तूर, बहाल तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर नगरपालिकाको आन्तरिक आय बृद्धि हुने वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने

संभावना देखिएमा बढीमा तीन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहले आपसी सहमतिद्वारा संयुक्त रुपमा दफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(३) स्थानीय तहले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरि सकिनेछ। यसरी ठेक्का वन्दोवस्त गर्दा यस प्रयोजनको लागि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ –

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालू वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम् ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र पाँचलाख रुपैयाँ भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा वीसलाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ। वीसलाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछः–

(१) साबिकमा ठेक लागि आएको भए कति ठेक लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फाराम प्राप्त हुने स्थान तोक्न वा इन्टरनेटको माध्यमबाट फाराम भर्न सकिनेछ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ)

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनु पर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारामको दस्तुर सार्वजनिक खरीद ऐन तथा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश

गर्नु पर्ने विवरण तथा अन्य कार्यविधि ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछः–

(१) बढाबढ हुने स्थानीय तहको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको नाममा उक्त सूचनामा तोकिएको बैङ्क खातामा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कले जारी गरेको

सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । तर वढावढ गर्दा पनि स्थानीय तहले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६)यस दफा बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाक अस्वीकृत भएको मितिले तीस दिनभित्र निजलाई फिर्ता गर्नु पर्नेछ । तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत स्थानीय तहले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन।

(७)उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाक उपर कुनै कारबाही गरिने छैन ।

## ३३. <u>ठेक्का स्वीकृत गर्नेः</u>

१. दफा ३२ को उपदफा (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा

बोलेको कुनै वा सबै डाक स्थानीय तहले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

२. रीतपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ।

२(क) रीतपूर्वकको बोलपत्र भन्नाले निम्न कुरा पुरा भएको बोलपत्र हुनु पर्नेछ।♦

क) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गरेको।

ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र पेश गरेको। यस प्रयोजनको लागि कर चुक्ता भन्नाले आश्विन मसान्तसम्म सो भन्दा अघिल्लो आर्थिक वर्षको करचुक्ता पत्र पेश गरेको र आश्विन महिनाभन्दा पछि आन्तरीक राजस्व कार्यालयबाट कर विवरण पेश गर्न म्याद थप गरेको पत्र सहित सो भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता पेश गरेको समेतलाई सम्झनु पर्दछ।

ग) फर्मको ठेगाना धरान उपमहानगरपालिकाको भएको हकमा कर चुक्ता भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गरेको

घ) पेश गरिएका प्रतिलिपी कागजपत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गरेको हुनु पर्नेछ ।

ङ) धरौटीको हकमा नेपाली भए कम्तिमा पाँच प्रतिशत र विदेशीको हकमा दश प्रतिशत रकम नगद धरौटी राखेको वा मान्यताप्राप्त "क"_वर्गको वाणिज्य

♦ पहिलो संशोधन २०७८

बैंकबाट जारी गरिएको विड वण्ड पेश गरेको हुनु पर्नेछ।

च) अन्य आवश्यक कागजपत्र पेश गर्नु पर्नेछ भनि सूचना वा बोलपत्र, दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

३. दफा ३२ को उपदफा (४) को खण्ड (झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाक कबोल गर्नेवालाको डाक तत्कालै दफा ३२ को उपदफा (५) बमोजिमको धरौटी वा बैङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

४. यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाक स्वीकृत गर्ने अधिकार सार्वजनिक ऐन तथा नियममा बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा भएको व्यवस्था बमोजिम हुनेछ ।

## ३४. पट्टा दिने र कबुलियत गराउनेः

१. यस ऐन बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने स्थानीय तह वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाकवालालाई दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली

सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनु पर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा वडा कार्यालयमार्फत सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ ।

तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

३. उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अख्तियर प्राप्त व्यक्तिबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ। त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम स्थानीय तहले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ ।

४. स्थानीय तहले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त

समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ ।सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय तहलाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ ।

५. बोलपत्र वा डाक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाकवालाबाट स्वीकृत ठेक अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कवुलियत गराई पट्टा दिनु पर्नेछ ।

६. बोलपत्र वा डाक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३२ को उपदफा (५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको कोषमा दाखिला हुनेछ ।

## ३५. ठेक्का रकमको किस्ता बुझाउने तरिकाः

१. स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली

कार्यतालिका र अन्य शर्त बमोजिम हुनेछ । तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

२. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छूट दिन सकिनेछ । तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

## ३६. <u>ठेक्का तोड्नेः</u>

१. पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुंदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुंदैन ।

२. कुनै ठेकेदारले स्थानीय तहले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुंदाहुंदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

३. उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत

गरिनेछ यसरी धरौटी जफत गर्दा पनि नयां ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयां ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बांकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ।

४. उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बांकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

५. उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट स्थानीय तहलाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बांकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बांकी सरह असूल उपर गरिनेछ। तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगर सभाले सो बमोजिम असूल गर्नु पर्ने रकममध्ये राजश्व परामर्श समितिको परामर्शमा उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

६. स्थानीय तहले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी

स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

३७. **बक्यौता रकम असूली सम्बन्धी व्यवस्थाः**

१. स्थानीय तहले विभिन्न कारणबाट असूल हुन नसकी बांकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम असूल गर्नु पर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

३. उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई असूली अङ्कको बढीमा ५ प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

४. उपदफा (१), (२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बांकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

३८. **बोलपत्र आह्वान सम्बन्धि विशेष व्यवस्था :**

१. यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दैवि प्रकोप, विपद, भवितव्य परी वा पर्ने संभावना रहेको भनि प्राविधिकबाट प्रतिवेदन प्राप्त भएमा सो व्यवस्थापनको लागि खोला, पहिरो वा कुनै स्थानबाट ढुंगा,माटो, गिटी, वालुवा वा अन्य सामग्रीहरु हटाउने वा

बिक्रि गर्ने कार्यको लागि वा कुनै सामाग्री विक्री गर्नु पर्यो भने सो को लागि नगर कार्यपालिकाबाट निर्णय गरी बोलपत्र आह्वान सूचनाको अवधि, सम्झौता गर्न आउने अवधि आदि अवधिलाई छोट्याएर सूचना प्रकाशन तथा ठेक्कामा लगाई कार्य गर्न सकिनेछ।

## ३९. विद्युतीय बोलपत्र आह्वान सम्बन्धि व्यवस्था :

१. यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिकाले निर्णय गरी विद्युतीय बोलपत्र आह्वानको व्यवस्था गरी ठेक्का सम्बन्धी अन्य प्रकृयाहरु पुरा गरी आन्तरीक आय ठेक्कामा दिन सकिनेछ ।

## ४०. खरिद ऐन, नियम बमोजिम हुने :

१. ऐनमा उल्लेख भएका कुराहरु यस ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएका कुराहरु धरान उपमहानगरपालिकाको खरिद ऐन तथा नियम र सार्वजनिक खरिद ऐन, नियम बमोजिम हुनेछ ।

**परिच्छेद १४**
**पुनरावलोकन**

## ४१. उजुरी नलाग्ने :

१. यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषय उपर यस्तो पुनरावलोकन नभई कुनै अदालतमा उजुरी लाग्ने छैन ।

**४२. पुनरावलोकन दिन सक्ने :**

१. प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले ६० दिन भित्रचित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद १५
## गैरकर राजस्व

**४३. सेवा शुल्क तथा दस्तुर :**

१. संविधानले तोकेको क्षेत्र र विषयमा उपमहानगरपालिकाले सेवा दिई सो वापत तोकिए बमोजिम शुल्क तथा दस्तुर लगाई सो वापत तोकिए बमोजिम शुल्क तथा दस्तुर लगाई असूल गर्न सक्नेछ ।

**४४. सवारी साधन पार्किङ्ग शुल्क :**

१. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका खुला स्थान, सडक पेटी, सार्वजनिक स्थल र आफू स्वयंले विकास गरेको पार्किङ्ग स्थलहरुलाई मापदण्ड बनाई पार्किङ्ग क्षेत्र घोषणा गरी पार्किङ्ग सुविधा उपलव्ध गराए वापत स्थान विशेष र समयको आधारमा तोकिए बमोजिम पार्किङ्ग शुल्क लगाई असुल उपर गर्न सक्नेछ ।

२. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम निजी क्षेत्र वा सार्वजनिक निजी साझेदारी मार्फत आधुनिक पार्किङ्ग व्यवस्था गरी पार्किङ्ग शुल्क उठाउन सक्नेछ ।

३. सवारी पार्किङ शुल्क वार्षिक तथा दैनिक रुपमा असुली गरिनेछ । ♥

♥ चौथो संशोधन २०८१

४. अघिल्लो आर्थिक वर्षमा वार्षिक शुल्क बुझाएका सवारी साधनको हकमा चालु आर्थिक वर्षको श्रावण मसान्तसम्म दैनिक शुल्क लगाईने छैन । ♥

५. सवारी पार्किङ शुल्क वार्षिक बुझाउन पाउने अवधि आश्विन महिनासम्म मात्र हुनेछ । ♥

६. उपमहानगरपालिका छुट्टै पार्किङ शुल्क लाग्ने भनी तोकेको स्थान वाहेक अन्य क्षेत्रमा एक स्थानमा एक पटक बुझाएको पार्किङ शुल्क सो दिनको लागि अन्य स्थानकोलागि समेत मान्य हुनेछ । ♥

७. नगरमा आयोजना हुने विभिन्न कार्यक्रममा सहभागी हुन आउने सवारी साधनहरूमा सो कार्यक्रम स्थलको लागि तोकिएको पार्किङ स्थलमा कुनै पनि क्लब वा आयोजक वा संघसंस्थाका नामबाट कर वा शुल्क लिन पाइने छैन। अनाधिकृत कर वा शुल्क सङ्कलन कार्य दण्डनीय हुनेछ । ♥

तर, सवारी साधनको सुरक्षा प्रयोजनका लागि अभिलेख व्यवस्थासहित उपमहानगरपालिकाबाट अनुमति लिई सेवाशुल्क लिन सकिनेछ ।

**४५. पूर्वाधार (सडक) उपयोग सेवा शुल्क : पूर्वाधार (सडक) उपयोग सेवा शुल्क देहाय बमोजिम लागु गरी असुल गरिनेछ ।**

८. उपमहानगरपालिका क्षेत्रभित्र सामान ढुवानी गर्ने ढुवानीका साधनहरू र निजी विद्यालयले सञ्चालन गरेका स्कुल बसमा पूर्वाधार (सडक) उपयोग सेवा शुल्क लगाई असुल गरिने छ ।

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

९. उपदफा १ बमोजिम शुल्क लागु गरिएका सवारी साधनमा पटके, पार्किङ जस्ता अन्य शुल्क लगाईने छैन ।
१०. पूर्वाधार (सडक) उपयोग सेवा शुल्क वार्षिक एकमुष्ठ चुक्ता गर्न प्रोत्साहन गरिने छ ।
११. यस दफा बमोजिम संकलन गर्ने शुल्क वार्षिक नबुझाउने सवारी साधनको हकमा दैनिक रुपमा तोकिएको दरमा असुल गरिनेछ ।
१२. उपदफा ४ बमोजिम दैनिक शुल्क संकलन गर्न नगर क्षेत्रिभत्र स्थान तोकी कर संकलन नाकाहरु निर्धारण गर्न सकिनेछ ।

**४६. पर्यटन तथा उद्यान पार्क शुल्क :**
१. उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सम्पदा तथा पुरातात्विक महत्वका पर्यटकीय क्षेत्र, पार्क तथा उद्यानहरुमा प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिम पर्यटन शुल्क असुल गर्नेछ ।
२. उपमहानगरपालिकाले उपदफा (१) बमोजिम पर्यटन शुल्क तोक्दा स्वदेशी तथा विदेशी पर्यटकका लागि फरक दर तोक्न सक्नेछ ।

**४७. बहाल बिटौरी शुल्क :**
१. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक स्थल, आफ्नो नाममा रहेको घर जग्गा र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेको पोखरी, हाट बजार प्रदर्शनी स्थलमा कानून अनुसार अस्थायी प्रकारका व्यापार व्यवसाय तथा मेला सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।
२. उपदफा (१) बमोजिम अनुमति दिएका स्थान वा अस्थायी ब्यवसाय गर्ने पसलमा तोकिए बमोजिम बहाल बिटौरी शुल्क उठाउन सक्नेछ ।

## ४८. जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :♥

१. धरान उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनद्वारा निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत जडीबुटी, कवाडी र जीवजन्तु कर लगाई असुल गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि कारोबार भन्नाले विक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र उपमहानगरपालिकाले कर लगाउँदा कारोबार भएको परिमाणको आधारमा तोकिएको दर बमोजिम लगाउने छ ।

२. उपदफा (१) बमोजिमका वस्तुको व्यावसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई उपमहानगरपालिकाले फर्म व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधिसमेत तोकी इजाजत दिईनेछ ।

३. सम्बन्धित व्यवसायीले उपदफा (१) बमोजिमको कर चुक्ता गरेपछि वा छुट पूर्जी लिए पछि मात्र कारोवार स्थलबाट सामान बाहिर लैजान पाउनेछ। अन्यथा गरेको पाईएमा दण्डनीय हुनेछ ।

४. यस दफा बमोजिम लगाईएको कर निजिक्षेत्र मार्फत सङ्कलन गर्न सकिने छ ।

५. कवाडी संकलन तथा विक्रि वितरण गर्ने व्यवसाय छिमेकी तथा सँधियारलाई असर पर्ने गरी सञ्चालन गर्न पाइने छैन।यस सम्बन्धमा उजुरी वा गुनासो आएमा उपमहानगरपालिकाले बन्द गर्ने निर्णय गरि

---

♥ चौथो संशोधन २०८१

कारोबार बन्द गर्न निर्देशन दिन सक्नेछ र त्यसरी दिएको समयसिमा भित्र बन्द गर्नु पर्नेछ ।

**४९. विक्रि गर्न सक्ने :**

१. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न सक्नेछ ।

**५०. सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने :**

१. सामुदावयक वन उपभोक्ता समुहले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम धरान उपमहमानगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

३. वार्षिक कार्ययोजना पेश नगर्ने सामुदायिक वनलाई कारवाहीको लागि नगर कार्यपालिकाले निर्णय गरी कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

४. नगर कार्यपालिकाको निर्णय अनुसार लेखि पठाए पछि कारवाही गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**५१. केवलकार, जिपलाईन, प्याराग्लाईडिङङ आदि शुल्क :**

१. उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन भएका केवलकार, जीपलाईन, प्याराग्लाईडिङमा तोकिए बमोजिम शुल्क लगाई उठाउन सक्नेछ ।

२. उपदफा (१) बमोजिमको सेवा सञ्चालकले प्रवेश टिकटमा नै तोकिए बमोजिम समावेश गरी संकलन गर्नु पर्नेछ ।

३. उपदफा (२) बमोजिम संकलन भएको रकम बिबरण सहित संलग्न गरी चौमासिक रुपमा बमोजिम उपमहानगरपालिकालाई बुझाउनु पर्नेछ ।

**५२. पार्क तथा पिकनिक स्थल सेवा शुल्क :**

१. उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन भएका सशल्क निजी पार्क तथा पिकनिक स्थलमा तोकिए बमोजिम सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

**५३. अन्य शुल्क लगाउन सक्ने :**

१. उपमहानगरपालिकाले तोकिए बमोजिम उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

२. स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

३. उपदफा २ बमोजिम शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण उपमहानगरपालिकाले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र उपमहानगरसभाको बैठक चलेको समयमा नगर सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यसपछि बस्ने नगर कार्यपालिकाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**५४. छुट वा मिनाहा :**

१. वार्षिक रूपमा तिर्नु पर्ने कर सोही आर्थिक वर्षको आश्विन मसान्तभित्र दाखिला गरेमा आर्थिक ऐनमा तोकीएको प्रतिशत छुट दिईनेछ ।

२. उपमहानगरपालिकाको आय सङकलन गर्न नियमानुसार ठेक्कामा दिँदा अग्रिम रूपमा सम्पूर्ण वार्षिक कबोल अङक बमोजिमको रकम द्विपक्षीय

सम्झौता हुँदा अग्रीम एकमुष्ठ दाखिला गरेमा १० (दश) प्रतिशत छुट दिईनेछ ।

३. उपमहानगरपालिकाले ठेक्कामा लगाएको कर, शुल्क, दस्तुर तथा महशुल बिपदजन्य कारण वा अन्य काबू बाहिरको परिस्थितिका कारण सङ्कलनमा बाधा परेकाले कर छुट गरी पाऊँ भनी सम्बन्धित पक्षले प्रमाण सहित निवेदन दिएमा स्थानीय राजश्व परामर्श समितिको सिफारिश समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको रकम छुट दिन सकिनेछ ।

४. व्यवसाय करको हकमा कुनै करदाताले बिरामी वा अन्य कुनै काबू बाहिरको परिस्थितिका कारणले कर तथा शुल्क समयमा बुझाउन नसकेको वा बन्द गरेको सूचना दिन असमर्थ भएमा सोको कारण सहित सम्बन्धित वडा कार्यालयको स्थलगत सरजमिन सहितको किटानी सिफारिश सहित नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेमा स्थानीय राजश्व परामर्श समितिको सिफारिश समेतको आधारमा कार्यपालिकाबाट निर्णय गरे बमोजिमको जरिवाना रकम छुट दिन सकिनेछ ।

५. सामाजिक सुरक्षा कार्यक्रम, आर्थिक सहायता, कार्यक्रम माग, स्वास्थ्य उपचारसंग सम्बन्धित तथा अपाङ्गता प्रयोजनका लागि व्यक्तिगत रुपमा दिईने निवेदन दर्ता तथा सिफारिसमा कुनै दस्तुर लाग्ने छैन । ♥

६. विपद् वा भवितव्य वा आगलागीमा, जेन जी आन्दोलनमा परी घर वा पसल पूर्णरूपमा क्षति भएको प्रमाणित भएमा नियमानुसारको सम्पत्ति कर घटना घटेको वर्ष सहित तीन आ.व. को र व्यवसाय

---

♥ चौथो संशोधन २०८१

कर घटना घटेको वर्ष सहित दुई वर्षको छुट दिइनेछ र घरधनीको हकमा नियमानुसार लाग्ने घरनक्सा पास दस्तुरमा चालीस प्रतिशत छुट दिइनेछ। घटना घटेको तीन वर्षभित्र यस्तो उपभोग नगरेमा स्वतः निष्कृय हुनेछ ।•

७. उपमहानगरपालिकालाई करदाताले तिर्नु वा बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, दस्तुर तथा महशुल बक्यौता लगत देहायको अवस्थामा स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम छुट हुन सक्नेछ र यसरी छुट दिएमा लगत कट्टा हुन सक्नेछ ।

क) करदाताको मृत्यु हुन गई सम्पत्ति बेवारिसे भएको अवस्थामा,

ख) करदाता टाट पल्टेको प्रमाणित भएमा,

ग) करदाता कारोबार बन्द गरी वेपत्ता भएको भन्ने प्रमाीत भएमा,

घ) कुनै बिपद् वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था सृजना भएको कुरा प्रमाणित भएमा ।

८. उपमहानगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरूको एकासगोलको परिवारलाई र नगरसभा सदस्यहरुलाई कर राजस्व बाहेक उपमहानगरपालिकाले उपलब्ध गराउने वा प्रवाह गर्ने अन्य सेवा, सुविधा बापतको शुल्क, दस्तुर, महशुल आदिमा पचहत्तर प्रतिशत छुट दिइनेछ।

९. संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कूटनीतिक नियोग, गुठी, सामुदायिक विद्यालय,

• पाचौं संशोधन २०८२

स्वास्थ्य केन्द्र, सरकारी विश्वविद्यालय को स्वामित्वमा भएको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

यस उपदफा बमोजिम सम्पत्ती कर नलाग्ने कुनै पनि संघ, संस्था वा निकायको स्वामित्वमा रहेको घर वा घरजग्गा सार्वजनिक निकाय वा संस्थाले व्यवसायिक वा व्यापारिक प्रयोजनकोलागि प्रयोग गरेको पाईएमा त्यस्तो घर वा घरजग्गामा कर, शुल्क, दस्तुर, महशुल वा जरिवाना लगाउन यस व्यवस्थाले बाधा पर्ने छैन ।

१०. कानूनमा व्यवस्था भएकोमा बाहेक उपमहानगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महशुल, दण्ड वा जरीवाना छुट दिन पाउने छैन ।

तर जरिवानाको हकमा उपमहानगरपालिकाको प्राबिधिक कारणले गर्दा कर निर्धारण हुन छुट भएको रहेछ भने स्थानीय राजश्व परामर्श समितिको सिफारिशमा कार्पालिकाबाट निर्णय भए बमोजिम छुट दिन सकिने छ।

११. महिलाको स्वामित्वमा निर्माण हुने भवनको नक्सा पास दस्तुरमा पाँच प्रतिशत घरनक्सा पास दस्तुरमा छुट हुनेछ ।

१२. महिला वा पूर्ण अपाङ्गता (निलो कार्डवाला) को नाममा व्यवसाय दर्ता गर्दा (निजहरुले नै व्यवसाय सञ्चालन गर्ने गरी) दर्ता दस्तुरमा चालु आर्थिक वर्षको असोज मसान्तभित्र दश प्रतिशत र नविकरण दस्तुरमा दश प्रतिशत छुट दिईनेछ । ♥

१३. उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण नगर सभाको बैठक चलेको

♥ चौथो संशोधन २०८१

समयमा सभामा र बैठक नचलेको समयमा त्यसपछि बस्ने नगरसभाको पहिलो बैठकबाट नगरकार्यपालिकाको बैठकको निर्णय अनुमोदन गराउनु पर्नेछ ।

१४. अन्य कार्यालय तथा निकायमा तीन वर्ष अघि दर्ता भएका व्यक्तिगत फर्म तथा प्रा.लि. को हकमा बढिमा तीन वर्षको कर असुल गरी व्यवसाय दर्ता गरिनेछ।

तर वित्तीय कारोवार गर्ने संस्था र पब्लिक लिमिटेड कम्पनीको हकमा यस्तो सुविधा उपलब्ध हुने छैन । ♥

१५. धरान उपमहानगरपालिका क्षेत्रभित्र उत्पादित कच्चा पदार्थ (नदिजन्य पदार्थ वाहेक) प्रयोग गरी स्थापना गरिने उद्योग तथा व्यवसायमा लाग्ने व्यवसाय करमा ५०% छुट दिईने छ । ♥

१६. कुनै घर वा जग्गा धनीले बहालमा बस्दै आएको बहालवाला बहालमा बस्न छाडेको भनि तीस दिनभित्र जानकारी गराएमा सो को आधारमा बहालको अभिलेखबाट बहालमा बस्नेको विवरण हटाईने वा निस्कृय बनाईनेछ तर सो अवधिमा जानकारी नगराएको हकमा वडा कार्यालयबाट बहालमा बस्न छाडेको स्थलगत सर्जमिन र सिफारिसको आधारमा जुन मिति देखि भाडा वा लिजमा लिन छाडेको हो सो अबधि र न्यूनतम् थप तीन महिनासम्मको बहाल कर गणना गरी कर असुल गरी लगत अद्यावधिक गरिनेछ । ♥

---

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

१७. लामो समय देखि कर बुझाउन बाँकी रहेको सम्पत्ती कर तथा भूमिकर (मालपोत) मा आर्थिक २०७४/०७५ भन्दा अगाडीको बक्यौतामा लाग्ने जरीवाना छुट दिईएको छ । ♥

१८. घरनक्सा पास गर्दा संधियारी नभेटिएमा पत्रिकामा सूचना प्रकाशन गरि दिन पत्राचार गर्दा दस्तुर लिईने छैन । ♥

१९. लाभग्राहीले आफ्नो नामको एक स्थानको जग्गामा भवन वा संरचना निर्माणको लागि नक्सापास दस्तुर बुझाई प्रकृया अगाडी बढाएकोमा लाभग्राही कै कारणले दुई वर्षभित्र उक्त स्थानमा भवन वा संरचना निर्माण नगरी अर्कै स्थानमा भवन वा संरचना निर्माण गर्ने भएमा नयाँ स्थानमा बन्ने संरचनामा लाग्ने नक्सा पास दस्तुरमा पचहत्तर प्रतिशत नक्सा पास दस्तुर समायोजन गरिनेछ। यसरी समायोजन गर्दा पहिला दाखिला गरेको नक्सा पास दस्तुर बढी भएमा सो रकम फिर्ता वा अन्य शीर्षकमा परिवर्तन गरिने छैन।यस्तो अवस्थामा नक्सा संशोधन दस्तुर लिइनेछैन । ♥

२०. एउटै घरमा वा स्थानमा एकै व्यवसायीको नाममा (सगोलको सदस्य समेत) दर्ता रहेको एकभन्दा बढि व्यवसायमा लाग्ने सरसफाई सेवा शुल्क एक व्यवसायमा मात्र लाग्नेछ । ****

२१. एकासगोलको परिवारको सदस्यले सोहि घरमा व्यवसाय गरेको रहेछ भने सो व्यवसायमा लाग्ने व्यवसायको सफाई सेवा शुल्क छुट दिईनेछ।तर

---

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

यस्तो छुट डिपार्टमेन्ट स्टोर, मल, सुपरमार्केट जस्ता क्षेत्रमा लागु हुने छैन । ♥

२२. स्थानीय भवन निर्माण व्यवसायी, निर्माण कर्मी, घ वर्गको ठेकेदार जस्ता व्यवसायमा सरसफाई शुल्क सबै छुट दिईनेछ । ♥

२३. संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कूटनीतिक नियोग, गुठीको स्वामित्वमा भएको र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन । ♥

तर, त्यस्ता संघसंस्थाहरूले आफ्नो सम्पत्ति कुनै पनि तवरले आम्दानी प्राप्त हुने गरी परिचालन गरेमा यस ऐन बमोजिम कर, शुल्क, दस्तुर, महसुल वा जरिबाना लगाउन बाधा पर्ने छैन। जग्गाधनी पूर्जाको विवरणमा "गूठी" उल्लेख भएको तर जग्गा धनी व्यक्ति भएको संरचना नभएको जग्गा (कित्ता नं.) को भूमिकर ( मालपोत)को बक्यौता असुल गर्ने आधार वर्ष आ.व. २०७४/२०७५ निर्धारण गरिएको छ ।

स्पष्टीकरण: "लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था" भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्यकेन्द्र, सरकारी विश्वविद्यालय र सोका आङ्गिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथ आश्रम, वृद्धाश्रमजस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।कानुनमा व्यवस्था भएकोमा बाहेक कुनै पनि

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

♥ चौथो संशोधन २०८१

निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड वा जरिवाना छुट दिन पाउने छैन ।

तर जरिवानाका हकमा उपमहानगरपालिकाको प्राविधिक कारणले गर्दा कर निर्धारण हुन छुट भएको रहेछ भने स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा उपमहानगरपालिकाबाट निर्णय भए बमोजिम छुट दिन सकिने छ ।

२४. मुनाफाको उद्देश्य नराखि स्थापना भएका सामाजिक, धार्मिक, शैक्षिक लगायतका संस्था वा निकायको वा अन्य व्यक्ति, संस्था वा निकायले सेवामूलक कार्यमा प्रयोग गर्ने उद्देश्यले निर्माण गरिने भवन वा संरचनामा लाग्ने राजस्वमा चालीस प्रतिशतसम्म छुट दिन सकिनेछ। यसको लागी आयकर छुट दर्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ । ♥

## परिच्छेद १६
## समन्वय सम्बन्धी व्यवस्था

**५५. नेपाल सरकारसँग समन्वय :**

१. उपमहानगरपालिकाले संघीय कानून वा यस ऐनवमोजिम असुल उपर गर्नु पर्ने कर वा गैर कर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम एकद्वार प्रणाली अपनाउन उपमहानगरपालिका वा उपमहानगरपालिकाले अधिकार सुम्पेको कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको

♥ चौथो संशोधन २०८१

अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३. उपमहानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्नेछ ।

४. उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगेको विषयलाई यस ऐनको अङ्ग मानिनेछ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यही दफा अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

५६. **<u>प्रदेश सरकारसँग समन्वय :</u>**

१. उपमहानगरपालिकाले प्रदेश कानून वा यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर वा गैर कर राजस्व असुल उपर गर्न एकद्वारा प्रणाली अपनाउनेछ ।

२. उपदफा (१) बमोजिमको एकद्वारा प्रणाली अपनाउन उपमहानगरपालिका वा उपमहानगरपालिकाले अधिकार सुम्पेको कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३. उपमहानगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्नु पर्नेछ ।

४. उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएको विषयलाई यस ऐनको अङ्ग मानिनेछ । यस व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यही दफा अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५७. केन्द्रीय बैंकसँग समन्वय :**

१. उपमहानगरपालिकाले कर तथागैर राजस्व संकलनका सम्बन्धमा नेपाल राष्ट्र बैंक सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५८. अन्य निकाय, कार्यालय र अन्य संस्थासँग समन्वय :**

१. उपमहानगरपालिकाले कर तथा गैर कर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१७
## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५९. राजस्व सम्बन्धी नयाँ प्रस्ताव :**

१. उपमहानगरपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ ।

**६०. सूचना सार्वजनिक गर्नुपर्ने :**

१. यस ऐन बमोजिम लगाएको कर तथा गैर कर राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिमको कर, गैरकर राजस्वका दर त्यसमा भएको हेरफेर समेत उपमहानगरपालिकाको वेभसाईटमा अद्यावधिक गरीराख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

# परिच्छेद १८
## लिलाम गर्ने कार्यविधिः

## ६१. लिलाम गर्ने कार्यविधिः

१. स्थानीय तहमा रहेको मेशिन, औजार तथा भारी उपकरण र सवारी साधन (घोडा, साइकल बाहेक) चालु हालतको भए पनि पुरानो मोडल, त्यसको स्पेयर पार्ट पूर्जाको अभाव तथा मर्मत सम्भार तथा सञ्चालनमा बढी खर्च लाग्ने तथा वर्तमान अवस्थामा अनुपयोगी भनी मेकानिकल प्राविधिकबाट प्रतिवेदन पेश गरेका मेशिन औजार तथा भारी उपकरण र मालसामान अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने भनी ठहराएमा त्यस्ता मालसामान जाँचबुझ एवं सर्भेक्षण गरी सिफारिश गर्न स्थानीय तहले उपदफा (२) बमोजिम गर्नु पर्नेछ ।

२. सवारी साधन, उपकरण, मेशिन वा औजार लिलाम गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहले देहाय बमोजिम गर्नु पर्नेछः-

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतको अध्यक्षतामा सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत स्तरको प्राविधिक प्रतिनिधि र कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृत स्तरको प्रतिनिधि भएको समिति गठन गरिनेछ ।

ख) प्राविधिक प्रतिनिधि तोक्दा यथासम्भव सम्बन्धित जिन्सी मालसामानको ज्ञान भएको कर्मचारी तोक्नु पर्नेछ ।

ग) दशलाख रुपैयाँ भन्दा बढी मूल्य पर्ने वा विशेष प्रकारको जिन्सी मालसामानको हकमा स्थानीय तहले बढीमा दुई जनासम्म सम्बन्धित विषयका प्राविधिक आमन्त्रण गर्न सक्नेछ ।

घ) उपदफा (४) बमोजिम आवश्यक अध्ययन सर्वेक्षण गरी मूल्य नतोकिएकोमा अनुमानित मूल्य समेत तोकी समितिले स्थानीय तह समक्ष सिफारिसको प्रतिवेदन दिनेछ ।

३. उपदफा (२) बमोजिमको समितिको सिफारिस प्राप्त भएपछि सम्पूर्ण बेहोरा खुलाई सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ ।

४. उपदफा (२) बमोजिमको समितिले मूल्य नखुलेको मालसामानको मूल्य कायम गर्दा मालसामानको उपयोगिता, सेवा आयु, हास कट्टि, अवशेष मूल्य र बजार मूल्य समेत बिचार गर्नु पर्नेछ । हास कट्टि गर्दा आयकर सम्बन्धी प्रचलित कानून बमोजिमको दरमा काट्नु पर्नेछ । भन्सार नतिरेको मालसामानको मूल्य कायम गर्दा भन्सार शुल्क समेत समावेश गरी सो शुल्कमा समेत ह्रास कट्टा गर्नु पर्नेछ । तर यस दफामा उल्लिखित आधार पूरा वा आंशिक रुपमा किटान गर्न नसकिने माल सामानको हकमा उपदफा (२) को समितिले सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्ने छ । यसरी जानकारी प्राप्त भए पछि त्यस्तो स्थानीय तहले सम्बन्धित विशेषज्ञलाई सामान प्रयोगमा आउने वा नआउने बारे जाँचबुझ गर्न लगाउँनु पर्नेछ । सम्बन्धित विशेषज्ञले त्यस्ता सामान मरम्मत गरेर पुनः

प्रयोग हुन नसक्ने वा मरम्मत गर्दा बढि खर्च हुने प्रतिवेदन दिएमा सोही प्रतिवेदनलाई आधार लिई मूल्य कायम गर्ने निर्देशन दिनु पर्ने छ ।

५. उपदफा (३) बमोजिमको सिफारिस पेश भएपछि सम्बन्धित स्थानीय तहले लिलाम गर्ने आदेश दिन सक्नेछ। यसरी आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले उपदफा (६) बमोजिम लिलाम बिक्री गर्नेछ ।

६. उपदफा (५) बमोजिम लिलाम गर्ने आदेश प्राप्त भएपछि वा उपदफा (१) बमोजिम लिलाम गर्ने निर्णय भएपछि पाँचलाख रुपैयाँसम्मको मालसामान लिलाम बिक्री गर्न पन्ध्र दिनको र सोभन्दा बढी मूल्यको मालसामान लिलाम बिक्री गर्न एक्काईस दिनको म्याद दिई देहायका कुरा समेत खुलाई सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछः–

(क) मालसामानको विवरण,

(ख) मालसामानको न्यूनतम मूल्य,

(ग) लिलाम बढाबढ हुने स्थान, मिति र समय (बढाबढको लागि शुरु र अन्त्य हुने समय बजे),

(घ) न्यूनतम मूल्यबाट नै बढाबढ शुरु हुने कुरा,

(ङ) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै बोलिएको अङ्कको पाँच प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा,

(च) लिलाम सकार गरेको मालसामान उठाइ लैजानु पर्ने अवधि,

(छ) अन्य आवश्यक कुरा ।

७. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिब देखिएमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई उपदफा (६) बमोजिम म्याद दिई बोलपत्र माग गर्न सक्नेछ। यसरी बोलपत्र आह्वान गरिएकोमा बोल अङ्कको पाँच प्रतिशतले हुने रकम बराबरको बैंङ्क जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ । सम्बन्धित स्थानीय तहले उपयुक्त देखेमा अन्य कुनै स्थानीय तहबाट पनि बोलपत्र खरिद र दाखिला सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

८. उपदफा (६) वा (७) बमोजिम लिलाम बढाबढ गर्न वा बोलपत्र माग गरी लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्दा परल मूल्य नखुलेकोमा हाल मूल्याङ्कन गर्दा पचासहजार रुपैयाँसम्म मूल्य कायम हुने सामान र परल मूल्य खुलेकोमा हाल मूल्याङ्कन गर्दा पाँचलाख रुपैयाँसम्म मूल्य कायम हुने सामान सम्बन्धित स्थानीय तह, इलाका प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सबैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गर्नु पर्नेछ र सोभन्दा बढी मूल्य कायम हुने सामान भए राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर उल्लेखित मूल्यभन्दा कम मूल्य कायम हुने सामान वा नगरपालिकाकले जफत गरेका फुठपाथका

सामाग्री, वोर्ड तथा फलाम वा काठ वा यस्तै प्रकृतीका बस्तुले बनेका सामानहरु, ढक तराजुहरु, पार्क तथा वृक्षारोपण गरेको स्थानका सुकेका वा ढलापडा रुख दाउराहरु, कान्जी हाउसमा पक्राउ गरिएको वस्तुहरु आदी अधिकार प्राप्त अधिकारीले सम्बन्धित स्थानीय तह, इलाका प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी एकलाख रुपैंया सम्मको लागि सात दिनको र सो भन्दा बढीको लागि पन्ध्र दिनको समय दिई लिलाम बढाबढ गराउन वा बोलपत्र माग गरी लिलाम बिक्री गर्न सक्नेछ । यसरी लिलाम बिक्री गर्दा पहिलो पटक लिलाम बिक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः सूचना प्रकाशन गरी लिलाम बिक्रीको कारबाही गर्नु पर्नेछ ।

९. लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित स्थानीय तहले तोकेको अवधिभित्र कबोल गरेको पूरा रकम बुझाई नउठाएमा सो बापत राखिएको धरौटी जफत गरी पुनः लिलाम गरिनेछ ।

१०. पुनः लिलाम बढाबढ गर्दा पनि न्यूनतम् मूल्य कबोल नगरेमा उपदफा (२) बमोजिमको समितिबाट पुनः मुल्याङ्कन गराई लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः मुल्याङ्कनगरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा सम्बन्धित स्थानीय तहले तोकेको सदस्य, इलाका प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक

कार्यालयको अधिकृतस्तरको प्रतिनिधिको रोहबरमा सिधै बिक्री गर्न सकिनेछ । यसरी सिधै बिक्री हुन नसकेमा मिन्हातर्फ कारबाही चलाउनु पर्नेछ ।

११. मोटर, ट्रक, जीप जस्ता सवारी साधन र ठूला मेशिन उपकरणको जाँच सर्वेक्षण गर्ने मुल्याङ्कन समितिका सदस्यलाई स्थानीय तहले तोकेकोदरमा बैठक भत्ता दिइनेछ ।

१२. सवारी साधन, मेशीनरी, औजार र प्राविधिक सामान बाहेक फर्निचर जस्ता सामानको मुल्याङ्कनगर्दा मुल्याङ्कन समिति गठन नगरी आयकरको प्रयोजनको लागि तोकिएको ह्रास कट्टी दरको आधारमा मूल्य कायम गर्न सकिनेछ । आयु तोकिएका जुनसुकै सामानको आयुसमाप्त भए पछि उपदफा (२) बमोजिम समितिबाट मुल्याङ्कन गराई लिलाम बिक्री गर्न सकिनेछ।

१३. यस ऐन बमोजिम लिलाम बिक्री भए वा नभएको कुराको जानकारी लिनको लागि सम्बन्धित स्थानीय तहले वर्षको एक पटक निरीक्षण गराई प्रतिवेदन लिनुपर्छ र त्यस्तो प्रतिवेदन माथि आवश्यक कारबाही गर्नु पर्नेछ ।

१४.यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाह्र वर्ष भन्दा बढी पुराना र चालु हालतमा नरहेका वा चालु हालतमा ल्याउन सोही सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा अधिकार प्राप्त अधिकारीले उपदफा (२) बमोजिमको समितिको सिफारिसमा लिलाम बिक्री गर्न सक्नेछ ।

१५. निर्माण भएका भौतिक संरचनाको लिलाम बिक्री गर्दा भत्काउन लाग्ने खर्च र माल सामान बिक्री गर्दा प्राप्त हुने रकमको आइटमवाइज लागत अनुमान तयार गर्नु पर्नेछ । लिलाम बिक्रीबाट प्राप्त रकमभन्दा भत्काउन लाग्ने रकम बढी भएको खण्डमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम घटाघटको माध्यम अपनाउनु पर्नेछ । लिलामबाट प्राप्त हुने रकम भत्काउदा लाग्ने खर्चभन्दा बढी हुन आएमा फरक रकमलाई नै न्यूनतम मूल्य मानी लिलाम बढाबढको कारबाही गर्नु पर्नेछ ।

## परिच्छेद १९
## विविध

**६२. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :**

१. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपमहानगरपालिकाले विद्युतीय माध्यमबाट करदातालाई अनलाइन सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण अनलाइनपेश गर्ने, उपमहानगरपालिकालाई तिर्न बुझाउनु पर्ने रकम अनलाइन दाखिला गर्ने एवम् त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कार्वाही अनलाइन गर्ने व्यवस्था गर्न सक्नेछ ।

**६३. ठेक्कामा लगाउन नपाईने :**

१. उपमहानगरपालिकाले आफुले असुल गर्नुपर्ने कुनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाईने छैन । तर कुनै सेवा सञ्चालन गरी सेवा शुल्क वा दस्तुर सङ्कलन गर्ने

कार्य निजी क्षेत्र मार्फत गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**६४. अनुसूचीमा हेरफेर :**

१. कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

२. उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि यस ऐन बमोजिम लगाइएको कुनै कर तथा गैर कर राजस्वको दरमा संशोधन गर्ने विषय नगरसभामा पेश गर्नु पर्नेछ ।

**६५. कागजातको ढाँचा :**

१. यो ऐन र यो ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, ऐन र मापदण्डमा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा उपमहानगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम जारीआदेश वा सूचना सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रका अत्तिरिक्त उपमहानगरपालिका कार्यालयको सूचना पाटी, वेवसाईट, स्थानीय पत्र पत्रिकामा समेत प्रकाशित गरिनेछ ।

**६६. सूचना तामेली रीत पुगेको मानिने :**

१. यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको ।

ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको ।

ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको ।

घ) नावालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको ।

ङ) कार्यालय वा निकाय वा संगठित संस्थाको हकमा कार्यालय प्रमुख वा सो कार्यका लागि तोकिएको कर्मचारीलाईलाई बुझाएको ।

च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

छ) स्वीकृत विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको इलेक्ट्रोनिक ठेगानामा पठाइएको ।

ज) करदाताको इमेल ठेगानामा वा मोवाईलमा सूचना वा म्यासेज पठाएको ।

झ) सम्बन्धीत वडा कार्यालयको सूचना पाटिमा टाँस गरेको ।

ञ) पत्रपत्रीकामा सूचना प्रकाशन गरेको ।

## ६७. कागजातको अभिलेख राख्ने :

१. यस ऐन वमोजिम कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षितगरी आफूसँग राख्नुपर्नेछ:

क. यस ऐन बमोजिम उपमहानगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्टि गर्ने अन्य सूचना तथा कागजातहरु ।

ख. कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

ग. उपमहानगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकिएकोमा

बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नुपर्नेछ ।

**६८. अधिकार हुने :**

१. यस ऐनको प्रयोजनको लागि उपमहानगरपालिकाको अधिकार प्राप्त अधिकारीलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने वा लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानूनमा भए सरह अधिकार हुनेछ ।

**६९. आदेश वा निर्देशन दिन सक्ने :**

१. संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐन कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र ऐनको परिधिभित्र रही त्यस्तो आदेश वा निर्देशन पालना गर्नु उपमहानगरपालिकाको कर्तव्य हुनेछ ।

**७०. कर अधिकृतको परिचयपत्र :**

१. उपमहानगरपालिकाको कुनै कर एकाइमा कार्यरत कर अधिकृत र अन्य कर्मचारीले परिचयपत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**७१. विभागीय कारवाही र सजाय हुने :**

१. कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति वा करदातालाई हानी पुऱ्याउने, समान

अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाईदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पुर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी करदाता वा सेवाग्राहीलाई जानिजानि अनावश्यक दु:ख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीका लागि अधिकार प्राप्त अधिकार समक्ष रायसाथ पेश गर्न सक्नेछ ।

३. उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

४. उपदफा (२) बमोजिम छानविन गर्दा अभियुक्तले प्रमाण नष्ट गर्नसक्ने मनासिव कारण देखेमा प्रमुख प्रशासकीय अधिकृतले नगर त्यस्तो कर अधिकृत वा कर्मचारीलाई प्रचलित कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

तर निलम्वन पूर्व निजलाई सफाई वा प्रष्टिकरण दिने मौका दिनु पर्नेछ ।

५. उपदफा (२) बमोजिम छानविन गर्ने अवधिभर त्यस्तो कर्मचारीलाई कामको जिम्मेवारीबाट अलग राख्न सक्नेछ ।

६. उपदफा (३) बमोजिम छानविन गर्ने र अभियोग लागेको कर्मचारीलाई निलम्बन गर्ने वा कामको जिम्मेवारीबाट अलग राख्ने अवधि ३ (तीन) महिना भन्दा बढी हुने छैन ।

७. निलम्बन अवधिमा एक तिहाई तलब भुक्तानी दिईनेछ । कसुर प्रमाणित नभएमा वा सेवामा निरन्तरता पाएमा निलम्बन अवधिको पुरा तलब पाउनेछ ।

## ७२. पुरस्कृत गर्न सक्ने :

१. कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलव्ध गराई कर असुलीमा सहयोग पुऱ्याउने असल करदाता पहिचान गरी उपमहानगरपालिकाले उनीहरुलाई उत्कृष्ट कर सूचनाकर्ता पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ । उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था उपमहानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## ७३. म्याद वा हदम्याद नजाने :

१. यस ऐनमा जुनसुकै कुरा लेखिएको भएपनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतवाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायवाट रोक्का वा स्थगन भएको अवधि ।

(ख) कुनै विषय अधिकार प्राप्त अधिकारी वा निकाय वा अदालतमा पुनरावलोकन गरेकोमा पुनरावलोकनकर्ताको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभसम्मको अवधि ।

**७४. साविक अनुसार हुने :**

(१) आर्थिक वर्ष २०५६/०५७ सम्मको घरजग्गा कर साबिक ऐन कानून अनुसार गरिनेछ ।

(२) आर्थिक वर्ष २०७४।०७५ सम्मको एकीकृत सम्पत्ति करमा आधारित भई कर संकलन गरिनेछ ।

**७५. बाधा अड्काउ फुकाउने अधिकार :**

**(१)** यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस ऐनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**७६. नियम र कार्यविधि बनाउन सक्ने :**

(१) यो ऐनको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**७७. बचाउ र खारेजी :**

(१) यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस अघि उपमहानगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) नगर सभाले यो ऐन परिमार्जन तथा खारेजी गर्न सक्नेछ .

**प्रमाणित गर्ने :**

..............................

**नामथर :**

**पद : नगर प्रमुख**

**मिति : २०७९।**